नौलो घुम्ती नेपाल



वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०७५/०८०

पोखरा-१७, सीतापाईला, कास्की
फोन: ०६१-४०२०७०/७१
ईमेल : nauloghumti@ngn.org.np । वेवसाईट : www.ngn.org.np

विषयसूची

१.	नौलो घुम्ती नेपालको संक्षिप्त परिचय	१
२.	लागु औषध तथा मद्यपान परामर्श, उपचार तथा पुनस्थापना कार्यक्रम	२
३.	एकीकृत सामुदायिक विकास कार्यक्रम	७
४.	एचआईभी रोकथाम, हेरचाह, सहयोग, तथा उपचार सेवा कार्यक्रम	१७
५.	समुदायमा आधारित झोलुङ्गे पुल निर्माण कार्यक्रम	१८
६.	संस्थाका नियमित गतिविधिहरु	२१
७.	आगामी वर्षका कार्यक्रमहरु	२३

अनुसुचीहरु

अनुसुची १ आजीवन सदस्यहरुको नामावली

अनुसुची २ विभिन्न समितिको नामावली

अनुसुची ३ कर्मचारीहरुको नामावली

अध्यक्षको मन्तव्य



नौलो घुम्ती नेपालको २२ औं बार्षिक साधारण सभामा पाल्नु भएका प्रमूख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, विभिन्न सरकारी निकाय, संघ संस्थाबाट पाल्नु भएका कार्यालय प्रमुख, अध्यक्ष तथा प्रतिनिधिज्यूहरु, पत्रकारज्यूहरु नौलो घुम्ती नेपालका संस्थापक अध्यक्षज्यू, निवर्तमान अध्यक्षज्यू, पूर्व अध्यक्ष तथा सल्लाहकारज्यूहरु, उपाध्यक्षज्यूहरु लगायत कार्यसमितिका सहकर्मी मित्रहरु, सम्मानित आजीवन सदस्यज्यूहरु, कार्यकारी निर्देशक लगायत सम्पूर्ण कर्मचारी मित्रहरु र उपस्थित अन्य महिला तथा सज्जनवृन्द सबैमा नौलो घुम्ती नेपाल र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

संस्थाले आफ्नो २१ औं वर्ष पार गरि २२ औं बर्षमा प्रवेश गरेको छ । राष्ट्रिय स्तरमा विविध कार्यक्रमहरु सञ्चालन गरि आफ्नो पहिचान बनाउन सफल भएको यस संस्थामा स्थापनाकाल देखि विभिन्न पदमा संलग्न भई वर्तमान अवस्थामा अध्यक्षको हैसियतले यहाँहरु सामु उपस्थित भई केही कुराहरु राख्न पाएकोमा अत्यन्तै गौरवान्वित महशुस गरेको छु ।

नौलो घुम्ती नेपालको इतिहासलाई फर्केर हेर्दा International Nepal Fellowship (INF) ले सन् २००२ मा यस संस्थालाई एक गैरसरकारी संस्थाको रुपमा नागरिक समाजलाई हस्तान्तरण गरेको हो । सो वखत गठीत तदर्थ समितिमा संस्थापक अध्यक्ष एवं वरिष्ठ समाजसेवी श्री प्रेम बहादुर श्रेष्ठ, उपाध्यक्ष लालकुमारी गुरुङ्ग, सचिव हिमालय देव सिग्देल, सह सचिव सकुन सिंह रानाभाट, कोषाध्यक्ष योगराज पौडेल र सदस्यहरु रामप्रसाद ज्ञवाली, गृष्मकेशव पराजुली, डा. कपिलदेव उपाध्याय, रामराज के.सी, पदमराज पहारी, प्रकाश वाग्ले र सल्लाहकार समितिमा स्व. गणेश बहादुर गुरुङ्ग, रामकाजी वान्तवा, महेश गुरुङ्ग, डा.दिपेन्द्रकुमार गौतम, स्व. सुरेन्द्रकुमार गौतम, राजन अधिकारी, स्व. शाह बहादुर गुरुङ्ग रहनु भएको थियो । तत् पश्चात यस संस्थालाई स्व. सुरेन्द्र कुमार गौतम, इन्दिरा वराल, पदमराज पहारी, मेहरमान श्रेष्ठ, खड्ग बहादुर रानाभाट र योगराज पौडेलले नेत्रृत्व प्रदान गरिसक्नु भएको छ । यस शुभ घडीमा हामी ती अग्रजहरुको योगदानलाई उच्च मुल्यांकन गर्दै स्मरण गर्न चाहन्छौं । स्थापनाकालमा यो संस्था निकै सानो अवस्थाबाट सुरु गरिएको थियो । त्यतिबेला लागु औषध प्रयोगकर्ताहरुलाई उपचार, परामर्श र पुनर्स्थापनाको कार्य गरेको हाम्रो संस्थाले २१ वर्षको अवधिमा २३ जिल्लाहरु (कास्की, तनहुं, लमजुङ्ग, गोर्खा, स्याङ्गजा, पर्वत, म्याग्दी, गुल्मी, अर्घाखांची, रुपन्देही, कपीलबस्तु, चितवन, सर्लाही, झापा, मोरङ्ग, सुनसरी, काठमाण्डौं, ललितपुर, कैलाली, नवलपरासी, बर्दिया, महोत्तरी र मनाङ्ग) मा विभिन्न कार्यक्रम गरीसकेको अनुभव सँगालेको छ । यसै गरी युएनडिपि (UNDP), युएनओडिसि (UNODC), सेभ द चिल्ड्रेन (Save the Children), युरोपियन युनियन (European Union), इको कार्किनेक्सी (ICCO Kerkinactie Netherlands), डब्लु डब्लु एफ (WWF), यूएन ह्याविटेट (UNHABITAT), लगाएतका दातृनिकायको सहयोगमा समाजका विपन्न र पछाडि परेका महिला, बालबालिका, युवा, समुदायमा एक उत्कृष्ट सामाजिक संस्थाको रुपमा स्थापित भएको कुरा सगर्व बताउन पाँउदा हामिले गौरवान्दित महशुस गरेका छौं ।

दिगो विकास लक्ष्य प्रप्तिका लागि सवैको साझेदारी तथा पहल अहिलेको आवश्यकता हो । देशविकास र सामाजिक रुपान्तरणका लागि यो संस्था सधै नेपाल सरकार, प्रादेशिक सरकार, स्थानीय सरकार तथा समुदायसँग हातेमालो गर्दै अगाडि बढीरहेको र बढ्ने छ । नौलो घुम्ती नेपालले यस आर्थिक बर्षमा पुरुष तथा महिलाहरुका लागि लागुपदार्थ परामर्श, उपचार तथा पुनर्स्थापना कार्यक्रम, एचआईभी रोकथाम, हेरचाह, सहयोग, तथा उपचार सेवा कार्यक्रम (कास्की र तनहुँ), सामुदायिक झोलुङ्गे पुल कार्यक्रम (कास्की र मनाङ्ग जिल्ला) टेबुल टेनिस फर न्यू लाईफ कार्यक्रम (पुनस्थापना केन्द्रका सेवार्थी लक्षित) र एकीकृत सामुदायिक विकास कार्यक्रम मार्फत (कास्की जिल्लामा) शिक्षा, स्वास्थ्य, बाल अधिकार र जीविकोपार्जनको क्षेत्रमा विभिन्न सामाजिक परिवर्तनका कार्यक्रमहरु संचालन गर्न सफल

भएको छ ।

त्यसै गरी अति विपन्न तथा आर्थिक अभावका कारण शिक्षा बाट बन्चित रहेका वालवलिकाहरुको शिक्षामा पहुँच अभिवृद्धि गर्ने उद्धेश्यले संस्थाकै पहलमा स्पोन्सरसिप कार्यक्रम सुरुवात गरिएको छ । उक्त कार्यक्रमको संचालनका लागि संस्थाका कार्यसमिति पदाधिकारीहरु, सल्लाहकारहरु तथा आजिवन सदस्यहरुले ब्यक्तिगत रुपमा आर्थिक सहयोग गर्नुभएकोमा यहाँहरु सम्पूर्ण प्रती हार्दिक धन्यवाद तथा कृतज्ञता अर्पण गर्दछु ।

यसरि प्राप्त रकम बाट एक पूँजिकोष स्थापना गरि सो बाट आर्जित ब्याजबाट थप गरिब र असाहय विद्यार्थीको शिक्षामा सहयोग उपलब्ध गराईनेछ । साथै यस आर्थिक बर्षमा संस्थाका प्रमुख उपलब्धि तथा संचालनमा ल्याएका कार्यक्रमहरुको संक्षिप्त विवरण उल्लेख गर्न चाहन्छु ।

यस बर्षमा भएका प्रमुख उपलब्धीहरु :

- लागुपदार्थ परामर्श, उपचार तथा पुनर्स्थापना केन्द्रमा गत वर्ष सम्म २६७३ जना पुरुष र ६५२ महिला सहित ३३२५ जनाले आवासीय सेवा प्राप्त गरिसकेका छन् । भने यस आर्थिक वर्षमा १३८ जना पुरुष र ७३ जना महिलाहरु गरी जम्मा २११ जनाले आवासीय सेवा प्राप्त गरेका छन् ।
- शिक्षा, स्वास्थ्य तथा जीविकोपार्जन कार्यक्रम अर्न्तगत १२७९ जना बिधार्थी, ४२ वटा बिद्यालय, ६ वटा सहकारी, २ वटा प्राथमिक स्वास्थ्य सेवा केन्द्र ६ वटा स्वास्थ्य चौकी, २ आधारभुत स्वास्थ्य सेवा केन्द्र र २ वटा सामुदायिक स्वास्थ्य इकाईमा सेवा उपलब्ध गराइएको छ ।
- कास्कीका ४२ सामुदायिक विद्यालयमा अध्ययान गर्ने १०६२ बालबालिकाहरुलाई एक शैक्षिक सत्रका लागि आवश्यक पर्ने शैक्षिक सामाग्री, विद्यालय पोशाक समेत प्रदान गरिएको छ । यस बर्ष SEE उत्तिर्ण गर्ने २१७ विद्यार्थीलाई प्रोत्साहन स्वरुप आर्थिक सहयोग उपलब्ध गराइएको छ ।
- अन्नपूर्ण गाँउपालिका-६, लुम्लेमा कान्छी बराह महिला विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई सहकारी ब्यावसाय विकास तथा प्रबर्द्धनको लागि रु ५० हजार २५ रुपैंया र मादी गाँउपालिका - ८, मिजुरेमा मिजुरेमिलन सहकारी संस्था लि. लाई होजियारी ब्यावसाय विकास तथा प्रबर्द्धनको लागि रु १ लाख १० हजार ५५ रुपैंया सहयोग गरिएको छ ।
- परियोजना द्धारा ६ वटा सहकारीमा हाल सम्म १ करोड ३८ लाख २१ हजार नौ सय ३७ रुपैंया घुम्तीकोष रकम प्रदान गरिएकोछ जसबाट ३१४ घरपरिवारहरु ब्यावसायिक उद्यममा आबद्ध भएका छन् भने यस बर्ष ६ वटा सहकारीहरु लाई उपलब्ध गराइएको रु २१ लाख ६० हजार ९४५ घुम्तीकोष रकम बाट ३६ घरपरिवारहरु ब्यावसायिक उद्यममा आबद्ध भएका छन् ।
- संस्थाले कास्की जिल्लाका बिभिन्न ठाउँमा हाल सम्म ५८ वटा झोलुङ्गे पुलहरु निर्माण सम्पन्न भइसकेको मध्ये यस आर्थिक वर्षमा ७ वटा झोलुङ्गे पुलहरु निर्माण सम्पन्न भएको छ । कास्की र मनाङ्ग जिल्ला गरेर १५ वटा झोलुङ्गे पुलहरु निर्माणाधीन अवस्थामा रहेको छ । साथै अन्य झोलुङ्गे पुलहरुको सर्भे तथा डिजाईन तयार गर्ने काम भैरहेको छ ।
- यस बर्ष ५७९ जना एचआईभीको जोखिममा रहेका ब्यक्तिहरुलाई एचआईभीको परिक्षण र ७६ जना नयाँ संक्रमितहरुलाई एआरटीको लागि पश्चिमाञ्चल क्षेत्रीय अस्पताल (हाल पोखरा स्वास्थ्य बिज्ञान प्रतिष्ठान) मा रेफर गरिएको छ ।
- ४०४ जनाको यौनरोग परीक्षण गरिएको छ भने ७९ जनाको यौन रोगको निदान र उपचार सेवा प्रदान गरिएको छ ।
- ३८३ जनालाई समुदायस्तरमा हेरचाह तथा काउन्सेलिङ्ग सेवा प्रदान गरिएको छ ।

यस वर्ष भए गरेका परियोजनागत बिस्तृत गतिविधिहरु, उपलब्धिहरु, समस्या र चुनौतिहरु, सिकाईहरु र सफलताका कथाहरु हाम्रो बार्षिक प्रतिवेदनका विभिन्न खण्डहरुमा उल्लेखित गरिएको छ । यहाँहरुले सो प्रतिवेदन

अध्ययन गरि सुझाव दिनुहुनेछ भन्ने विश्वाष लिएको छु ।

यस संस्थाले आर्थिक वर्ष ०७९/८० मा विविध परियोजनाका गतिविधिहरु सफलतापूर्वक संचालन गरिरहेको छ, जुन यस प्रकार रहेका छन् ।

१. लागु औषध तथा मद्यपान परामर्श, उपचार तथा पुनस्थापना कार्यक्रम - नेपाल भरी, नौलो घुम्ती नेपालको आन्तरिक स्रोत बाट सञ्चालित - सन् २००२ देखि हाल सम्म
२. EpiC Nepal Project कास्की र तनहुँ जिल्ला, सहयोगी संस्था - USAID/PEPFAR/FHI360 - सन् २०२० देखि २०२४ सम्म ।
३. समुदायको लागि झोलुङ्गे पुल निर्माण कार्यक्रम, कास्की र मनाङ्ग - सहयोगी संस्था TBSU/RTAP, स्थानीय सरकार, कास्की र मनाङ्ग - सन् २०१५ देखि २०२५ सम्म
४. एकीकृत सामुदायिक बिकास परियोजना, कास्की-सहयोगी संस्था - Good Neighbor International (GNI) - सन् २०१६ नोभेम्बर देखि हालसम्म ।
५. Table Tennis for New Life परियोजना, कास्की-सहयोगी संस्था - ITTF Foundation - सन् २०२२ अप्रिल देखि मार्च २०२५ सम्म ।

यी सबै कार्यक्रहरु संचालनको लागि विभिन्न क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु भएका कार्य समिति सदस्यहरु, सल्लाहकार एवं आजीवन सदस्य ज्युहरुको सहयोग पाएर नै हामीलाई अगाडी बढने प्रेरणा मिलेको र यो संस्था सामाजिक परिवर्तनको बाहकको रुपमा अगाडी बढीरहेको छ र बढिरहने कुरामा विश्वस्त छु । संस्थाको दिगोपनाका लागि हामीले चालेका हरेक पाइलाहरुमा सहयोग गर्नुहुने दातृ निकायहरु, सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, प्रहरी प्रशासन, उद्योगपति, व्यवसायीहरु, समाजसेवी नागरिक समाज, टोल विकास संस्था, आमा समूहहरु, कार्य समिति, सल्लाहकार, चन्दादाता आजीवन सदस्य, संञ्चारकर्मी मित्रहरु, कर्मचारी मित्रहरु लगायत सम्पूर्ण आदरणीय महानुभावहरुमा संस्थाको तर्फबाट हार्दिक धन्यवाद तथा आभार ज्ञापन गर्दछु । साथै आगामी दिनहरुमा पनि यहाँहरुबाट विगतमा जस्तै न्यानो माया, सद्भाव एवम् सहयोगको अपेक्षा राख्दछु ।

अन्त्यमा नौलो घुम्ती नेपालका गतिविधिहरुलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने साझेदार संस्थाहरु अन्तराष्ट्रिय बिकासका लागि अमेरीकी सहयोग नियोग (USAID/FHI360), गुड नेवर इन्टरनेशनल (GNI), TBSU/PTAP, ITTF Foundation, जिल्ला समन्वय समिति कास्की, पोखरा महानगरपालिका, माछापुच्छ्रे गाँउपालिका, अन्नपुर्ण गाँउपालिका, मादी गाँउपालिका तथा मनाङ जिल्लाको नार्पाभुमी गाँउपालिका र डिस्याङ गाँउपालिकाप्रति हार्दिक आभार एवं धन्यवाद ज्ञापन गर्दै हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने प्रमुख अतिथि, विशिष्ट अतिथि र सम्पुर्ण अतिथिज्युहरु समेत सवैमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद !

बद्रीविनेद खनाल 'प्रतीक'
अध्यक्ष
नौलो घुम्ती नेपाल

मितिः २०८०/०६/२६

महासचिवको संक्षिप्त प्रगति प्रतिवेदन



नौलो घुम्ती नेपालका अध्यक्ष एवंम् यस सभाका अध्यक्ष ज्यू,

नौलो घुम्ती नेपालको २२ औं बार्षिक साधारण सभा पाल्नु भएका प्रमूख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, संस्थापक अध्यक्षज्यू, निवर्तमान अध्यक्षज्यू, पूर्व अध्यक्षज्यूहरु, विभिन्न सरकारी निकाय, संघ संस्थाबाट पाल्नुभएका प्रमुख तथा प्रतिनिधिज्यूहरु, सल्लाहकारज्यूहरु, उपाध्यक्षज्यूहरु लगायत कार्यसमितिका सहकर्मी मित्रहरु, सम्मानित आजीवन सदस्यज्यूहरु, कार्यकारी निर्देशक लगायत सम्पूर्ण कर्मचारी मित्रहरु, पत्रकारज्यूहरु र उपस्थित अन्य महिला तथा सज्जन वृन्द सबैमा नौलो घुम्ती नेपाल र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत अभिवादन गर्न चाहन्छु ।

सन् १९९५ देखि परियोजनाको रुपमा परिचित नौलो घुम्ती नेपाल सन् २००२ मा आएर स्वतन्त्र गैर सरकारी सामाजिक संस्थाको स्वरुप लिई नौलो घुम्ती नेपाल नामले स्थापित हुन पुग्यो । स्थापनाको समयमा लागुपदार्थ प्रयोगकर्ताको आवासीय उपचार गर्ने केन्द्रको रुपमा रहेको र सोही बमोजिम आफ्ना कृयाकलाप संचालन गर्दै आएकोमा सन् २००३ देखि यसले आफ्नो कार्यक्रमिक क्षेत्र विस्तार गर्दै अगाडि वढ्यो ।

सन् २००६ मा कार्यक्रमिक तथा भौगोलिक क्षेत्रहरु विस्तार गर्नुका साथै यसलाई संस्थागत वनाउन सफल भई सकेको छ । वर्तमान समयमा संस्थाले आफ्नो उद्देश्य अनुसारका कार्यक्रमहरु संचालन गरिरहेको छ । स्वास्थ्य, शिक्षा, खेलकुद, जिविकोपार्जन, झोलुङ्गेपुल निर्माण, शान्ति, सुशासन, बाल संरक्षण मानव अधिकार र वातावरण संरक्षण जस्ता मुख्य कार्यक्रमिक विषय र सामाजिक समावेशीकरण, लैङ्गिक समानता र क्षमता अभिबृद्धिलाई साझा सरोकारको विषय बनाई सोहि अनुसार कार्यक्रमहरु निर्देशित समेत गरिएको छ । स्थापनाको समयमा लागुपदार्थ, एचआईभी र एड्सको क्षेत्रलाई कार्यक्षेत्र मानी कार्यरत रहेकोमा आजका दिनहरुमा नेपालको समग्र विकासमा योगदान पुऱ्याउने एक प्रतिष्ठित सामाजिक संस्थाको रुपमा परिचित बन्न सफल भएको छ ।

लागुपदार्थ परामर्श उपचार तथा पुनस्थापना केन्द्रलाई स्थायित्व दिन तथा संस्थाका प्रशासनिक तथा व्यवस्थापकीय कार्यहरुलाई व्यवस्थित तथा प्रभावकरी रुपमा संचालन गर्न २०७० सालमा श्रीमद्भागवत विराट ज्ञान महायज्ञ आयोजना गरि यहाँहरुको अमुल्य योगदान र सहयोगमा पोखरा-१७ सीतापाईलामा निर्मित आफ्नै भवनबाट प्रशासनिक कार्यका साथै महिला लागुपदार्थ परामर्श उपचार तथा पुनस्थापना केन्द्र संचालित रहेको छ । त्यस्तै कार्यक्रम विस्तारको हिसावले Good Neighbour International (GNI) को आर्थिक तथा प्राबिधिक सहयोगमा कास्की जिल्लाका साबिकका ५ गाबिसहरुमा (हाल मादी गा.पा ८,९,१०,११; अन्नपुर्ण गा.पा ४,६,७ माछापुच्छ्रे गा.पा ६,८,९ तथा पोखरा महानगरपालिका २३) शिक्षा तथा बाल संरक्षण, स्वास्थ्य तथा सरसफाई, जिबिकोपार्जनलाई केन्द्रित गरी एकिकृत सामुदायिक बिकास कार्यक्रम बिगत सन् २०१६ देखि निरन्तर रुपमा संचालन भैरहेको छ ।

त्यसैगरी कास्की र मनाङ्ग जिल्लामा TBSU/PTAP को प्राविधिक तथा स्थानीय पालिकाहरुको आर्थिक सहयोगमा समुदायको लागि झोलुङ्गे पुल निर्माण कार्यक्रम संचालन भैरहेको त्यसैगरी अन्तराष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (USAID/PEPFAR) को सहयोगमा इपिक नेपाल परियोजना २०२० अक्टोवर देखि संचालन भईरहेको छ ।

समाज कल्याण परिषद, गृह मन्त्रालय, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, स्वास्थ्य निर्देशनालय, जिल्ला स्वास्थ्य कार्यालय तथा अन्य सरकारी निकाय, स्थानीय निकाय, USAID/PEPFAR, EpiC Nepal Project, Good Neighbor International (GNI), ITTF Foundation, लगायत विभिन्न सरोकारवाला निकायहरुद्धारा यस संस्थाद्धारा संचालित विविध परियोजना तथा कार्यक्रमहरुको

अनुगमन मुल्यांकन गरि संस्थालाई प्राप्त सल्लाह सुझावको लागि कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरुमा पनि संस्थाको विकासको लागि निरन्तर सल्लाह र सुझावको अपेक्षा राख्दछौं ।

अन्त्यमा यस संस्थाका गतिविधिहरुलाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनुहुने यस संस्थाका संस्थापक ज्यूहरु, नेपाल सरकार, प्रादेशिक सरकार, स्थानीय सरकार, स्वास्थ्य निर्देशनालय, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रिय अस्पताल), जिल्ला प्रशासन कार्यालय कास्की, जिल्ला समन्वय समितिको कार्यालय कास्की, स्वास्थ्य कार्यालय कास्की, जिल्ला प्रहरी कार्यालय कास्की, पोखरा महानगरपालिका, माछापुच्छ्रे गाउँपालिका, अन्नपूर्ण गाउँपालिका, मादी गाउँपालिका र मनाङ्ग जिल्लाका चामे गाउँपालिका, नार्पाभूमी गाउँपालिका, डिस्याङ गाउँपालिका लगायत विभिन्न सरकारी निकायहरु, दातृ निकायहरु, राष्ट्रिय एवम् अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु, जनप्रतिनिधिहरु, राजनीतिक दलहरु, स्थानीय निकाय, सेवार्थीहरु र उहाँका परिवारजनहरु, लाभान्वित समुदाय, कार्यसमितिका सहयोगी मित्रहरु, सल्लाहकार ज्यूहरु, कर्मचारी मित्रहरु साथै समस्त नागरिक समाज सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

मिना कुमारी गुरुङ्ग
महासचिव
नौलो घुम्ती नेपाल

मिति: २०८०/०६/२६

नौलो घुम्ती नेपालको संक्षिप्त परिचय

नौलो घुम्ती नेपाल सन् २००२ मा विधिवत् रुपमा नेपाल सरकारको संस्था दर्ता ऐन २०३४ अनुसार जिल्ला प्रशासन कार्यालय कास्कीमा दर्ता भएको राष्ट्रिय स्तरको गैरसरकारी सामाजिक संस्था हो । यो संस्था समाज कल्याण परिषद, गृह मन्त्रालय लागु औषध नियन्त्रण महाशाखामा विधिवत दर्ता भएको छ । संस्थाले लागु औषध नियन्त्रण, एच आई भी रोकथाम, सामुदायिक विकास, शिक्षा, आयआर्जन जस्ता क्षेत्रहरुमा कार्य गरिरहेको छ । नेपालका २३ भन्दा बढी जिल्लाहरुमा परियोजना सञ्चालन गरी समुदायमा परिचित छ । विभिन्न संस्थाहरु सँग साझेदारीमा अगुवा संस्थाको रुपमा प्रशासनिक तथा व्यवस्थापकीय दक्षता हासिल गरेको र उत्कृष्ट सेवा प्रवाह गरेकोमा विभिन्न सरकारी निकायवाट पुरस्कृत भएको छ ।

परिकल्पना (Vision)

नौलो घुम्ती नेपाल यस्तो समाज चाहान्छ, जहां प्रत्येक नागरिकले स्वास्थ्य, न्याय, शान्ति र संवृद्धिको अवसर प्राप्त गरि सम्मानित जीवन यापन गरेका हुनेछन् ।

ध्येय (Mission)

आर्थिक तथा सामाजिक रुपमा पछाडि पर्न बाध्य विपन्न संकटाभिमुख र सिमान्तकृत समुदायको जीवनस्तर सुधारका लागि जीविकोपार्जनको विकास, आधारभूत स्वास्थ्य, सरसफाई र शिक्षामा पहुँच, प्राकृतिक साधन श्रोतहरुको समुचित परिचालन, वातावरणीय संरक्षण, मानव अधिकार र लोकतन्त्र प्रवर्द्धन, लैंगिक समानता, समावेशीकरण साथै लागूपदार्थ तथा एचआईभी एड्सको रोकथाम नियन्त्रण एवं उपचार लगायतका कार्यक्रमहरु संचालन गर्नु ।

लक्ष्य (Goal)

लागूपदार्थ प्रभावितहरुलाई उपचार सहयोग एवं पुनर्स्थापना, एचआईभी र यौनजन्य संक्रमणमा कमी, विपन्न र सिमान्तकृत समुदायको प्राकृतिक साधन श्रोतको समुचित परिचालन गर्न क्षमताको विकास गरी आयस्तरमा वृद्धि, आधारभुत स्वास्थ्य र शिक्षामा सबैको पहुँच अभिवृद्धि, सुशाासनको प्रत्याभुती, मानव अधिकारको संरक्षण र संवर्द्धन साथै लोकतन्त्रको विकास एवं सुदृढीकरण गर्ने ।

उद्देश्यहरु (Objectives)

१. लागुपदार्थ प्रयोग, एचआईभी र यौनजन्य संक्रमणको रोकथाम र नियन्त्रण गर्न जनचेतना,रक्त परिक्षण, परामर्श उपचार हेरचाह तथा पुनर्स्थापना सेवा, क्षमताअभिवृद्धि साथै नीतिगत सुधारका लागि बहश पैरवी जस्ता सेवाहरु संचालन गर्ने ।
२. लैंङ्गिक तथा कुनै पनि प्रकारका सामाजिक विभेदहरुको अन्त,आधारभुत मानवअधिकारको सुनिर्शचितता, शुसासनको प्रवर्धन मार्फत लोकतान्त्रिक पद्धतिको विकास गर्ने ।
३. शिक्षामा सवै नागरिकको सहज पहुँच,गुणस्तरीय साथै सार्थक र जीवन उपयोगी शिक्षा मार्फत राष्ट्र विकासको लागि आवश्यक दक्ष जनशक्ति विकास गर्न टेवा दिने ।
४. आधारभुत स्वास्थ्य सेवा, स्वच्छ खानेपानी र सरसफाई सुविधामा सवैको पहुँच वृद्धि, विपद न्यूनीकरण, वातावरण संरक्षण गरी जनस्वाथ्यको अवस्थामा सुधार ल्याउने
५. सामाजिक र आर्थिक रुपले पछाडि पारिएका समुदायको साधनश्रोत, सेवा, पूंजी र सीपमा पहुँच बढाई वातावरणमैत्री सर्वाङ्गिण विकास मार्फत आयआर्जन बृद्धि गर्ने ।
६. लैंङ्गिक र समावेसीताको सिद्धान्तलाई आत्मसात गर्दे स्थानीय विकासे कार्यकर्ता र समुदायको क्षमता अभिवृद्धि गर्ने ।

लागु औषध तथा मद्यपान परामर्श, उपचार तथा पुनस्थापना कार्यक्रम

नौलो घुम्तीको स्थापना काल सन् २००२ देखि सञ्चालित लागुपदार्थ र मद्यपान रोकथामका लागि परामर्श, उपचार पुनःस्थापना, सचेतना तथा पैरवी कार्यक्रम सन् २०१५ जुलाई देखि कुनै पनि दातृ संस्थाको सहयोग विना सेवार्थीको शुल्क द्वारा स्थानिय स्रोत साधन परिचालन गर्दै प्रभावकारी रुपमा पोखरा महानगरपालिका-१७ सीतापाईलाको आफ्नै भवनमा महिला केन्द्र र सन् २०२० मार्चबाट जिल्ला प्रशासन कार्यलय कास्कीको सहकार्यमा पो.म.न.पा.-१८, धारापानीमा पुरुष केन्द्र संचालन हुदैं आईरहेको छ ।



सुविधाजनक आवास, सन्तुलित भोजन, पारिवारीक र मनोरञ्जनात्मक वातावरण, योग अभ्यास, मनोविमर्श सेवा, आध्यात्मीक जागरण, व्यवहार परिवर्तन सम्बन्धि शिक्षा, चिकित्सकद्वारा नियमित स्वास्थ्य परिक्षण, सामाजिकिकरण कायक्रम खेलकुद विभिन्न थेरापिहरुको प्रयोगसहितको प्रभावकारी सेवा प्रदान गर्दै समुदायमा पनि लागुपदार्थ मद्यपान सम्बन्धि जनचेतना तथा पैरवी कार्यक्रम सञ्चालन गरी उच्च जोखिम समुहलाई पनि सचेत गर्दै सकारात्मक जीवनयापनमा सहयोग पऱ्याउन संचालित केन्द्रमा महिलातर्फ २० सैया र पुरुषतर्फ ४० सैया क्षमता भएको महिला र पुरुषको लागि छुट् छुटै भवनको व्यवस्था गरिएको छ। जसमा नेपाल भरी जुनसुकै जिल्लाबाट पनि सेवार्थीहरुले उपचार सेवा लिन सक्दछन ।



यसको मुख्य लक्ष्य भनेको लागुपदार्थबाट प्रभावितहरुलाई उपचार तथा पुनर्स्थापनाको समग्र पद्धतीको अवलम्बन गरि लागुपदार्थ प्रयोगकर्ताहरुको उपचार गर्ने साथै लागुपदार्थ प्रयोगबाट हुने जोखिम न्युनिकरण गर्दै उनिहरुको दिर्घ रिकभरिङ्ग, सकरात्मक जीवनयापनमा सहयोग पु-याउनु तथा परिवार र समाजमा पुनः स्थापित गराउनु हो ।



- **लक्षित समुह :**
  लागुपदार्थ महिला तथा पूरुष प्रयोगकर्ताहरु, तिनीहरुको परिवार र अन्य सरोकारवालाहरु यसका लक्षित समूह हुन ।
- **बजेट** ९० लाख (सेवार्थी अनुदान, अनुदान र लोकल स्रोत)
- **परियोजना अबधी :** १ श्रावण २०७९– ३१ आषाढ २०८०
- **परियोजनाको उद्देश्यहरु :**



उद्देश्य १ :

लागुपदार्थ प्रयोगकर्ताहरुमा ३ महिने आवासीय उपचार सेवा उपलब्ध गराई लागुपदार्थबाट हुने जोखिम न्यूनिकरण







गराउन साथै गुणस्तरीय सेवा प्रदान गर्नेआ. व. २०७९ र ०८० मा आवासीय उपचारका लागि योजनानुसार २४० जना भर्ना (नयां-पुरानागरि महिला तर्फ ८० जना र पुरुष तर्फ १६० जना) को लक्ष्य राखिएकोमा महिलातर्फ ७३ जना र पुरुष तर्फ १३८ जना गरि जम्मा २११ जना भर्ना गरियो । ती मध्य पोखरा महानगर पालिकाका १२२ र बाहिरी जिल्लाका ८९ जना रहेका थिए । जसमा पुरा (३ महिना) आवासीय उपचार सेवा प्राप्त गर्ने १०१ जना र आशिंक उपचार सेवा प्राप्त गर्ने ५० जना रहेका छन्, ९ जना प्रेशण गरेको थियो, १५ जना ड्रपआउट भएको थियो । महिला र पुरुष गरेर जम्मा २११ जना मध्य ४६ जना गाँजाको, १४६ जना रक्सीको, १० जना नर्फिनको, ९ जना हिरोइनको लतमा फसेकाहरु रहेका थिए ।

सेवार्थीहरुको दीर्घ रिकभरिङ्ग, सकारात्मक जीवनयापन मा सहयोग पुऱ्याउने विभिन्न खाले कार्यक्रमहरु संचालनमा परामर्श सेवा महत्वपूर्ण कार्यमध्ये एक हो । जसमा आवासीय सेवार्थीलाई दोहोरयाएर १२५४ पटक, सेवार्थीका परिवारलाई ५२९ पटक तथा सेवार्थी र सेवार्थीका परिवारलाई संगैराखी २७७ पटक परामर्श सेवा प्रदान गरियो । त्यसैगरि आवासीय उपचारमा रहेका महिला तथा पुरुष सेवार्थीलाई वरिष्ठ चिकित्सक द्धारा १२ पटक पुरुष केन्द्रमा र २ पटक महिला केन्द्रमा निशुल्क क्लिनिक सेवा प्रदान गरियो । सेवार्थीको बानी, व्यवहार र स्वभाव परिवर्तनका लागि आत्म विश्वास र नेतृत्वशीप बढाउनेखाले अन्य थेरापेटिक सहयोगी कार्यक्रमहरु जस्तै सेवार्थी विच सेअरिङ्ग मिटिङ्ग ९३ पटक, आत्मजागरण कक्षा २९१ पटक, शैक्षिक कक्षा २४६ पटक कर्मचारीबाट र ४० पटक आमन्त्रित व्यक्तिहरु बाट, डिभोशन कक्षा २९६ पटक, सेवार्थीको सामुदायिक बैठक २४४ पटक र आत्मूल्याङ्कन कक्षा ४४ पटक पुरुष तर्फ संचालन गरियो,भने सेअरिङ्ग मिटिङ्ग ९० पटक, आत्मजागरण कक्षा २२१ पटक, शैक्षिक कक्षा १९२ पटक कर्मचारीबाट र ३५ पटक आमन्त्रित व्यक्तिबाट, डिभोशन कक्षा २६६ पटक, सेवार्थीको सामुदायिक बैठक २२९ पटक र आत्ममुल्याङ्कन कक्षा ४४पटक महिला केन्द्रमा संचालन गरिएको थियो । परामर्श तथा उपचार केन्द्रमा रहेका सेवार्थीहरुको अन्य स्वास्थ्य सम्वन्धी सेवाका लागी नौलो घुम्ती लगायत विभिन्न संघ सस्थाहरुमा एच.आई. भि., यौन रोग परिक्षणको लागि २२ जना, मानसिक रोगको लागि ४५ पटक तथा अन्य रोगका निम्ति ३१ पटक पुरुष तथा महिलालाई प्रेषण सेवा उपलब्ध गराइएको छ । परिवारका सदस्यहरु पनि कार्यक्रमको दृष्टिकोणबाट महत्वपूर्ण सदस्य रहेकाले उनिहरु र सेवार्थीहरु विचको संवन्ध स्थापित गर्ने हेतु परिवारसंग आवस्यकता अनुरुप संचालित बैठकमा उल्लेखनिय सहभागिता रहेको पाइयो । चाडपर्व मनाउने वा रमाईलो गर्ने उद्देश्यले गरिने कार्यक्रममा लागुपदार्थ विना पनि विभिन्न प्रकारको मनोरञ्जनात्मक गतिविधि संचालन गरी त्यस्ता कार्यक्रमहरु संचालन गर्न सकिन्छ भन्ने उदाहरण सहित पारिवारिक माहौलमा नयाँ बर्ष, दशै, तिहार, महिलाहरुको लागि विशेष तिज पर्व, क्रिश्मस, फागूपूर्णिमा, शिवरात्री, माघेसंक्रान्ती जस्ता पर्वहरु मनाइयो । त्यसैगरी हरेक व्यक्तिमा रहेका प्रतिभा तथा कला प्रदर्शन गर्ने विधिका रुपमा सैवार्थीहरुलाई संलग्न गराई डान्स, क्विज, प्रश्नोत्तर आदि विभिन्न प्रकारको मनोरञ्जनात्मक गतिविधि संचालन गराइएको छ भने

परिवार तथा समाजमा सामाजिक कार्यमा सहज वातावरणमा घुलमिल हुने सामाजिकिकरण कार्यक्रम जस्तै बाह्य भ्रमण तथा पिकनिकको आयोजना गरिएकोमा ५५ जना पुरुषको सहभागी रहेको थियो र महिलाको कार्यक्रममा २६ जनाको सहभागीता रहेको थियो ।

क.स.	कार्यक्रमहरु	महिला (पटक)	पुरुष (पटक)
१	डिभोसन (प्रार्थना)	२६६	२९६
२	सामुदायिक बैठक	२२९	२४४
३	Self Evaluation-आत्मा मुल्याकन	४४	४४
४	शैक्षिक कक्षा (आन्तरिक)	१९२	२४६
५	शैक्षिक कक्षा (आमन्त्रित)	३५	४०
६	स्टेप वर्कआउट (आत्माजागरण प्रश्नउत्तर)	२२१	२९१
७	सेरिङ बैठक	९०	९३
८	दैनिकी	दैनिक	दैनिक

उद्देश्य २ :

लागुपदार्थ उपचार पूरा गरिसकेका सेवाथीहरुको दिगो रिकभरि साथै परिवार तथा समुदायमा पुनर्स्थापित हुन समय-समयमा सेवार्थी तथा परिवारसंगको भेटघाट गरि सामाजिक सिपको विकास, जिवन उपयोगी तालिमको व्यवस्था र रोजगारीका लागी परिवारसंग संयुक्त पुनर्स्थापना योजना बनाउने, प्रेशण गर्ने जस्ता सेवामा सहयोग गर्ने ।

उद्देश्य २ का कार्यक्रम तथा मूख्य उपलब्धिहरु:



- सेवार्थीहरुको उपचार पश्चात सेवार्थीको रोजगारी, अध्ययन, पारिवारिक जीवनको निरन्तरता, सामाजिक सम्बन्धको विकास गराई उनीहरुलाई दिगो रिकभरिङ्ग जीवन विताउन परिवार र समाजबाट सकरात्मक सहयोग प्राप्त हुने वातावरणको सृजना गरिन्छ । जसमा फरक-फरक तरिकाबाट फलोअप गरिएको छ । टेलिफोनबाट महिला र पूरुष सेवार्थी तथा उनिहरुका परिवारलाइ ३३९ पटक (दोहाऱ्याएर), सेवार्थीद्वारा संस्थामा आई भेटघाट ३५६ पटक (दोहोऱ्याएर) र सेवार्थी तथा परिवारलाई घरदैलो भेटघाट जम्मा ४२ पटक (दोहोऱ्याएर) गरी आवश्यक परामर्श, सहयोग तथा सुझाव प्रदान गरिएको थियो ।
- पटक-पटक गरेर यस आ.व.मा पुरुषतर्फ २१ जनाले र महिलातर्फ ११ जनाले स्वस्फूर्त लागुपदार्थ मुक्त सफल जीवनको महोत्सव मनाईयो सेवार्थीलाई रोल मोडेलको रुपमा खादा र अविर द्धारा सम्मान गरिएको थियो भने सामुहिक रुपमा सबैजनाले मैनवत्ति प्रज्वलन र केक काटेर रिकभरिङ्ग जन्म दिवश मनाएका थिए । सो कार्यक्रममा सबै जनाले आफ्नो मर्म, भावना, बिगतका सिकाई तथा अनुभवहरु सुनाएका थिए ।
- तीन महिने आवासीय उपचार पश्चात् अवधी थप गरिएका पुरुष तथा महिला सेवार्थीहरुलाई दिवा सेवा कार्यक्रम अन्तर्गत उनीहरुको सिपविकासको लागि जिविकोपार्जन सिप र बाहिरी जिम्मेवारहरुमा सहभागी गराइन्छ । साथै परिवारको सहयोग र सुझावमा तालिम तथा वैदेशिक रोजगारमा पठाउन सहयोग पुऱ्याइएको छ ।

- लामो समय उपचार लिईरहेका सेवार्थीहरुलाइ दिगो रिकभरिङ्गमा सहयोग पुगोस भनि पुरुष तर्फबाट १ जना रिकभरिङ्ग र महिला आवासीय उपचार तथा पुनस्थापनाका लागी १ जना महिला रिकभरिङ्ग स्वयंसेवक लाई छनौट गरि विभिन्न क्रियाकलापमा सहभागी गराइ उनीहरुलाई जिम्मेवारी बहन गर्ने अवसर उपलब्ध गराइएको छ ।

उद्देश्य ३ : लागुपदार्थ/मद्यपान सम्वन्धी सामुदायिक सचेतना कार्यक्रम संचालन गर्ने :

पोखरा महानगरपालिका, सामाजिक माहाशाखाको समन्वयमा वडा नं १८, ५, ३ र २९ का महिला समूहमा लागुपदार्थ/मद्यपान, तथा जोखिम न्यूनिकरण सम्वन्धी अभिमुखिकरण कार्यक्रमहरु सम्पन्न गरियो । केन्द्रमा रहेका ४५ जना पुरुष र ३० जना महिला सेवार्थीहरुलाई लागुपदार्थ प्रयोग तथा बेचबिखन बिरुद्ध कानुनी कसुर सम्बन्धी र मानसिक स्वास्थ्य तथा तनाब व्यावस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरिनुका साथै व्यक्तिगत सरसफाई तथा स्वच्छताका सामग्रिहरु वितरण गरियो ।



क्र.स.	मिती	संस्था	सहभागी	कैफियत
१	२०७९/०३/०७	वडा नं-१८	३०	महिला समूह
२	२०७९/०३/०९	वडा नं-५	३०	महिला समूह
३	२०७९/०३/१४	वडा नं-३	३०	महिला समूह
४	२०७९/०३/१८	वडा नं-२९	३०	महिला समूह

- लागुपदार्थ/मद्दयपान, उपचार, रोकथाम तथा नियन्त्रणका लागि समुदाय विच लागु औषध दुर्व्यसन तथा एच.आई.भी./एड्स सम्वन्धी सूचना प्रदान गर्ने उद्देश्य अनुरुप विभिन्न दिवसहरु मध्ये कण्डम दिवस, विश्व एड्स दिवस, लागू औषध ओसार पसार विरुद्धको दिवस, मैनवत्ती स्मृति दिवसहरुमा कास्कीमा रहेका सरोकार संस्थाहरु संगको समन्वयमा सहभागिता रह्यो ।
- त्यसैगरि अन्तराष्ट्रिय एच.आई.भि./एड्स दिवस, विश्व मानसिक स्वास्थ्य दिवस, शहिद दिवस, अन्तराष्ट्रिय महिला दिवस आदि कार्यक्रमहरुमा पनि सहभागिता रह्यो ।



उद्देश्य ४ :

संस्थागत क्षमता बिकासका लागी योजना तर्जुमा, अनुगमन तथा मुल्याङ्कन गरी सरोकारवाला र सरकारी निकायसंग समन्वय र सहकार्य गर्ने :

- मिति २०८० असार ११ गते, लागुऔषध ओसार-पसार विरुद्धको दिवसमा प्रमुख जिल्ला अधिकारी श्री वासुदेव



घिमिरेबाट कास्कीमा लागु पदार्थ परामर्श उपचार तथा पुनस्थापनामा योगदन पुऱ्याएकोमा नौलो घुम्ती नेपालले कदर-पत्र प्राप्त गरियो ।

- उपचारको लागि खेलकुद र ब्यामको आवश्यकता प्रजोल रहेको हुनाले केन्द्रको दैनिक उपचार पद्धतीमा समावेस गरिएको छ । साथै विष्व टेबलटेनिस दिवशको अवसर पारेर मिती २०८० वैशाख १२ गते कास्कीमा रहेका उपचार केन्द्रहरु बिच टेबलटेनिस खेलको आयोजना गरियो ।
- सरकारी निकायसंग समन्वय र सहकार्य गर्ने सम्बन्धमा लागुऔषधको उपचारको आवश्यक भएको तर आर्थिक अवस्था कमजोर भएका परिवारहरुलाई वडा तथा सरकारी निकायको सिफारिस अनुसार शौलियत उपचार सेवा प्रदान गरिएको छ । आ.व. २०७९-८० मा ३१ प्रतिशत यस सेवा प्रदान गरिएको थियो ।

चुनौतीहरु :

१. लागुऔषध उपचारमा वल्झिने (दोहोरिने) समस्या यथावत नै छ ।
२. सामाजिक भेदभाव र लान्छनाको कारणले उपचारमा कम पहुँच ।
३. परिवारबाट लागुपदार्थ उपचारमा सहज रुपमा रकम भुक्तानी गर्न धेरैजसो समस्या नै देखिन्छ ।
४. धारापानी-१८ मा रहेको पुरुष केन्द्रमा जाने बाटो वर्षाको समय असहज पाईएको छ ।

सुझावहरु :

१. पुनर्स्थापना केन्द्रलाई निरन्तरता दिनका लागि स्थानीय निकाय संग समन्वय र सहकार्य वढाउन पर्ने देखिन्छ ।
२. लागुपदार्थ तथा एचआईभी एड्स नियन्त्रण र रोकथामको विषयमा निजि क्षेत्र समेतको सहभागिता अपरिहार्य छ ।
३. लागुऔषध उपचार तथा पुनर्स्थापना केन्द्रमा चौविसै घन्टा अप्ठ्यारो परिस्थितिको सामना गर्दै काम गनुपर्ने हुँदा कर्मचारीहरुको मनोवललाई उच्च बनाउन कर्मचारीहरुको प्रोत्साहनको नीति अपनाउनु पर्ने देखिन्छ ।
४. उपचारमा लामो समयदेखि सफल भएका सेवार्थीहरुलाई उदाहरणीय स्वयंसेवकको रुपमा परिचालन गरिनु आवश्यक छ ।
५. लागूपदार्थ मुक्त भएका सेवार्थीहरुलाई दिवा सेवामा आउने पूर्वाधार र वातावरण बनाउन आबश्यक देखिन्छ । साथै उनीहरुलाई सिपमूलक तालिम दिने संस्थाहरुसंग समन्वय गराई सिपको विकास गरी रोजगारीमा संलग्न गराउन सकेमा दिगो पुर्नस्थापन हुन सक्छ ।

एकीकृत सामुदायिक विकास परियोजना

१. परिचय :

सामुदायिक विकास परियोजना शिक्षा, जिविकोपार्जन, स्वास्थ्य, खानेपानी तथा सरसफाई र बाल संरक्षणका क्षेत्रमा काम गर्ने एक एकिकृत परियोजना हो । दातृ निकाय गुड नेवर्स ईन्टरनेशनल नेपालको आर्थिक सहयोगमा नौलो घुम्ती नेपालले यस परियोजना सेप्टेम्वर २०१६ देखि कास्की जिल्लाको मादी गाउँपालिका ८, ९, ११, अन्नपूर्ण गाउँपालिका ४, ६, ७ र माछापुच्छ्रे गाउँपालिका ८ र ९ मा संचालन गर्दै आएको छ भने २०७५/७६ मा मादी गाउँपालिका वडा नं १० मा पनि कार्यक्रम बिस्तार गरेको छ । बालबालिकाहरुको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने मुख्य उद्देश्यका साथ संचालित यस परियोजनाले कास्की जिल्लाका ४२ साझेदार सामुदायिक विद्यालयमा अध्ययनरत १३३२ प्रायोजित विद्यार्थीहरुलाई छात्रवृत्ती सहयोग गर्दै आएको छ । साथै छात्रवृत्ती प्राप्त गर्ने बालबालिकाका अभिभावकलाई प्राथमिकता दिदैं कार्यक्षेत्र भित्रका ६ सहकारी मार्फत आयआर्जनका सहयोगी गतिविधि संचालन गर्दछ । यस बाहेक समुदायमा गुणस्तरीय स्वास्थ्य सेवा प्रभाहमा सहयोगका लागि कार्य क्षेत्र भित्रका ३९ स्वास्थ्य संस्थाको स्तरोन्नती तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धीमा यस परियोजनाले सहयोग गर्दै आएको छ । विगतका बर्षहरुमा जस्तै यस बर्ष पनि शिक्षा, जिविकोपार्जन, स्वास्थ्य, खानेपानी तथा सरसफाई र बाल संरक्षणका कार्यक्रमहरुलाई निरन्तरता दिईयो । एकीकृत सामुदायिक विकास परियोजना अन्तर्गत यस संस्थाले आर्थिक वर्ष २०७९/८० मा संचालन गरेका गतिविधिहरु र प्राप्त सफलताहरुलाई यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

२. कार्य विवरण :

२.१. शिक्षा तथा बालसंरक्षण :

२.१.१. ग्रामिण समुदायका विद्यार्थीहरुको शिक्षामा पहुँच अभिवृद्धि :



बालबालिकाहरुको गुणस्तरीय शिक्षामा पहुँच अभिवृद्धि गर्ने र विद्यालयमा नियमित बनाउने मुख्य उद्देश्यका साथ कार्यक्षेत्रका ४१ सामुदायिक विद्यालयका १०६२ बालबालिकाहरुलाई एक शैक्षिक सत्रका लागि आवश्यक शैक्षिक सामग्रीहरु (कापी, पेन, पेन्सिल, इरेजर, सार्पनर, विद्यालय पोशाक, जुत्ता, र झोला) वार्षिक रुपले स्थानिय सरकार, विद्यालय, सामुदायिक विकास समिति, परियोजना व्यवस्थापन समिति, अभिभावक, शिक्षकहरुको समन्वयमा सहयोग गरिएको छ । यस सहयोगले अध्ययनरत विद्यार्थीहरुलाई विद्यालयमा निरन्तर रहन मदत गर्नुका साथै विद्यालय बिचमै छोड्ने (Drop out) दरलाई पनि क्रमिक रुपमा घटाउँदै लैजान सफल भएको छ । साथ साथै यस कार्यक्रमबाट अभिभावकहरुले बालबालिकाको शैक्षिक सामग्री खरिदको आर्थिक भार कम भएको महसुस गरेका छन् । विद्यालयमा अध्ययनरत परियोजनाबाट प्रायोजित बालबालिकाहरुका लागि वार्षिक रुपले शैक्षिक सामग्री सहयोगसँगै माध्यमिक शिक्षा परीक्षा उत्तिर्ण (SEE) २१७ प्रायोजित बालबालिकाहरुका लागि प्रति विद्यार्थी रु. ३०००।०० का दरले छात्रवृत्ति रकम उपलब्ध गराउँदै आइरहेको छ । यस सहयोगले बालबालिकाहरुको उच्च शिक्षा अध्ययनमा सहयोग पुगेको छ ।

२.१.२. विद्यालयको स्तरोन्नतीमा सहयोग :

विद्यालयहरुको शैक्षिक तथा भौतिक स्तरोन्नतिका साथै शैक्षिक क्रियाकलापलाई बालमैत्री तथा व्यवहारिक तवरले अगाडि बढाउनका लागि आधारभूत तह देखि नै विविध सहयोग गर्दै आइरहेको छ । गणितका विषय



वस्तुहरुलाई थप सरलिकरण गरी दैनिक शिक्षण क्रियाकलापहरु दीगो सिकाईका लागि तपशिलका २ विद्यालयहरुमा १ लाख २८ हजार एकहत्तर रुपैंया मूल्यको गणित प्रयोगशालाका सामग्रीहरु सहयोग गरिएको छ। सहयोग पश्चात शिक्षण क्रियाकलाप थप सहज तथा व्यवहारिक भएको श्री जनकल्याण मा.वि. मादी १० मकैखोलाका शिक्षक बोधराज बास्तोलाको अनुभव रहेको बताए। विज गणित, ज्यामितिय अवधारणाहरुको ज्ञान प्रष्ट पार्न गणित प्रयोगशालामा प्राप्त भएका सामग्रीहरुले निकै सहयोग गरेको र सामग्री तथा प्रयोगशाला प्रयोग सम्बन्धी अभिलेखिकरणका पनि गर्दै आएको कुरा उनले थपे।

यस्तै गरी पठन सिप तथा बानीको विकासका साथ-साथै दैनिक शिक्षण क्रियाकलापलाई थप प्रभावकारी बनाउनका लागि शिक्षकहरुका लागि आवश्वक सन्दर्भ सामग्री र विद्यार्थी लक्षित बालमैत्री पुस्तक सहितको रु. ९३ हजार ५०० सय मूल्य बराबरको ८१५ थान पुस्तक सहयोग यस वर्ष परियोजनाबाट भयो। सहयोग पश्चात बालबालिकाहरुमा बालबालिकाहरुमा पढ्ने बानीको विकास भएको र आवश्वक स्रोत सामग्रीको रुपमा पुस्तकालयले सहयोग पुऱ्याएको श्री सेवा मिलन आ.वि. मादी गा.पा. १० भाचोकका शिक्षक प्रकाश अर्यालले जानकारी दिए।

प्रारम्भिक बालविकास विद्यालयको आधार स्तम्भ भएको हुँदा परियोजनाले यस क्षेत्रलाई पनि महत्वपूर्ण कार्यक्रम गर्दै आएकोमा यस वर्ष मात्रै १० विद्यालयमा रु ६ लाख ७३ हजार बराबरको बालविकास केन्द्रहरुको स्तरोन्नतीका लागि आवश्यक बालमैत्री फर्निचर, कार्पेट, कुशन लगायत खेल तथा सिकाई जन्य सामग्री सहयोग गरेको छ।



परियोजनाले विद्यालयको भौतिक पक्षको स्तरोन्नतीको लागि श्री सेवा मिलन आ.वि.मा स्थापित पुस्तकालयको जस्तापाताको छाना पूर्ण रुपमा क्षति भएको हुँदा यसको मर्मतका लागि यस वर्ष विद्यालयसँगको साझेदारीमा रु. ९२ हजार ९ सय ८० को मर्मत कार्य सम्पन्न गरेको छ जसले गर्दा पुस्तकहरु वर्षायाममा हुन सक्ने क्षतिबाट मुक्त भएको यस विद्यालयका प्र.अ. ईन्द्रप्रसाद सुबेदीले बताए। त्यस्तै श्री सरस्वतीकुन्ज आ.वि. मादी ९, गहतेले परियोजनाको सहकार्यका प्रविधि मैत्री कक्षाकोठा १ कोठामा मात्र सिमित भएको लाई थप ३ वटा कक्षाकोठा (कक्षा ६, ७ र ८) मा विस्तार गर्नका लागि परियोजनाबाट रु ४९ हजार ७ सय ७० को फल्स सिलिङ सहयोग र अन्य ICT सामग्रीहरु जस्तै प्रोजेक्टर, प्रोजेक्सन स्किन, माउन्टिङ, स्पिकर, कक्षाकोठा, रंगरोगनका कार्य विद्यालयको सहकार्यमा अहिले दैनिक कक्षाकोठाहरु ICT मैत्री रुपले संचालन भईरहेको जसले गर्दा शिक्षकहरु लगि शिक्षण सिकाई क्रियाकलाप सहज भएको र विद्यार्थीहरुमा पनि सिकाई दीगो भएको यस विद्यालयका प्र.अ. उत्तर बहादुर गुरुङले जानकारी गराए।

क्र.सं	विद्यालय	ठेगाना	सहयोगको किसिम	कैफियत
१	श्री जनकल्याण मा.वि.	मादी गा.पा.-१०, मकैखोला	गणित प्रयोगशाला सामग्री	
२	श्री प्रगतिशिल मा.वि.	अन्नपूर्ण गा.पा.-४, सल्यान	गणित प्रयोगशाला सामग्री र प्रा.बा.वि. कक्षाकोठा व्यवस्थापन	
३	श्री सेवा मिलन आ.वि.	मादी गा.पा.-१० भाचोक	पुस्तकालय सहयोग, प्रा.बा.वि. कक्षाकोठा व्यवस्थापन, पुस्तकालयको जस्ता पाता मर्मत	

क्र.सं	विद्यालय	ठेगाना	सहयोगको किसिम	कैफियत
४	श्री जनमन्दिर आ.वि.	मादी गा.पा.-१० थुम्सिकोट	प्रा.बा.वि. खेल तथा सिकाई सामग्री	फर्निचर अघिल्लो वर्ष भएको
५	श्री बम बहादुर घलेल आ.वि.	माछापुच्छ्रे गा.पा.-८, घलेल	प्रा.बा.वि. कक्षाकोठा व्यवस्थापन	
६	श्री शोभा आ.वि.	मादी गा.पा.-११, बरालडाँडा		
७	श्री अन्नपूर्ण सितापोखरी आ.वि.	मादी गा.पा.-११, वार्चोक		
८	श्री सरस्वती आ.वि.	माछापुच्छ्रे गा.पा.-९, सिदिङ		
९	श्री दिपज्योति आ.वि.	मादी गा.पा.-८, सिमलस्वाँरा		
१०	श्री गंगा आ.वि.	मादी गा.पा.-९, कमलबोट		
११	श्री भुमेश्वर आ.वि.	अन्नपूर्ण गा.पा.-४, बाँसखर्क		
१२	श्री सरस्वतीकुन्ज आ.वि.	मादी गा.पा.-९, गहते	फल्स सिलिङ सहयोग	

२.१.३. शौक्षिक क्षेत्रका सरोकारवालाहरुको क्षमता अभिवृद्धि :



स्मार्ट क्लासरूमको आवश्यकता अनुसार प्रत्येक शिक्षकसँग स्मार्ट कक्षा सञ्चालन गर्न र डिजिटल सिकाइ सामग्रीको प्रभावकारी प्रयोग गर्नका लागि आधारभूत कम्प्युटर सञ्चालन सीपहरू हुनुपर्छ । यो अनुभूतिसँग माछापुच्छ्रे गाउँपालिकाका २ विद्यालय, मादी गाउँपालिका ४ विद्यालय र अन्नपूर्ण गाउँपालिका ३ विद्यालय गरी ११४ जना शिक्षकहरुको सक्रिय सहभागितामा ३ दिने पुनर्ताजगी तालिम शिक्षा अधिकृतको सहजिकरणमा २०७९ साउनमा संचालन भयो । तालिममा सहभागीहरू दैनिक आवश्यक विषयवस्तुहरु जस्तै : प्रश्न पत्र निर्माण, सामान्य एक्सेल र ग्रेड शिट तयारी, पीपीटी तयार गरी कक्षा शिक्षणर ई पाठ द्वारा कक्षा संचालन विषयहरुमा जानकार भएको पाइयो ।

परियोजनासँग आवद्ध १४ विद्यालयका आईटी शिक्षकहरूका लागि ३ दिने आधारभूत कम्प्युटर हार्डवेयर सम्बन्धी तालिम सञ्चालन गरियो । इनपुट र आउटपुट प्रणाली, र पावर केबल प्रणाली त्यसैगरी, यो तालिमले हार्डवेयरका विभिन्न भागहरू जस्तै सीपीयू, र्याम, मदरबोर्ड, प्रोसेसर, डाटा र पावर केबलहरू पहिचान गर्न र एसेम्बल गर्ने जस्ता आधारभूत क्षमताको विकास गराउने र सानातिना र बारम्बार हुने समस्याहरू समाधान गर्नका लागि विद्यालय आफैले समाधान गर्न सक्ने सिप सिकउनु र यसले विद्यालयको लागतमा केहि हदसम्म सम्बोधन गर्न सक्ने उद्देश्य रहेको थियो । भाद्र २०७९ मा संचालित यस तालिममा मादी गा.पा. ५, अन्नपूर्ण गा.पा. ४ र माछापुच्छ्रे गा.पा. ५ शिक्षकहरु सहभागी भएको थियो ।



मादी गा.पा., माछापुच्छ्रे गा.पा. र अन्नपूर्ण गा.पा. परियोजनाको साझेदार विद्यालयका २१ सहजकर्ताहरूको सहभागितामा २७ देखि २९ असार २०७९ सम्म प्रारम्भिक बालविकास केन्द्रका लागि आवश्यक शैक्षिक सामग्रीको तयारी र प्रयोगसम्बन्धी पुनर्ताजगी तालिम सेतो गुँरास बालविकास केन्द्र, बाग्लुङका वरिष्ठ प्रशिक्षकबाट सहजिकरण भएको थियो । सहभागीहरूलाई परिमार्जित प्रारम्भिक बालविकास केन्द्र पाठ्यक्रमको

अद्यावधिकिरण र यसमा कार्यरत सहजकर्ताहरुको भूमिका, साक्षरता सीप, र सन्दर्भ सामग्री तथा स्थानीय स्रोत साधनबाट निर्माण गर्न सकिने सामग्रीहरुका बारेमा जानकारी गराइएको थियो ।



२.१.४. बाल संरक्षण सम्बन्धि स्थानीय स्तरमा क्षमता अभिवृद्धि :

बाल अधिकार, बाल संरक्षण र बाल विवाह पनि यस परियोजनाको मुख्य क्षेत्र रहेको हुँदा बाल अधिकारको सुनिश्चितताका लागि समुदाय स्तर बाटै विभिन्न पैरवी तथा क्षमता अभिवृद्धिका कार्यक्रमहरु गर्दै आइरहेको छ । यस आर्थिक वर्षमा परियोजनको कार्यक्षेत्रका ९ वटै वडाहरुमा बालबालिका सम्वन्धि ऐन २०७५ बमोजिम वडा स्तरीय बाल अधिकार समितिको पुनर्गठन गरिएको छ । गठीत समितिले बाल अधिकारका विषयहरुमा पैरवी गर्दै आइरहेको माछापुच्छ्रे गा.पा. वडा नं ९ का अध्यक्ष तथा यस समितिका संयोजक हरिबहादुर क्षेत्रीले बताए । त्यसै गरी समुदाय स्तरमा गठन गरिएको मादी गा.पा. वडा ८, ९, १० र ११ र अन्नपूर्ण गा.पा. वडा नं. ४, ६ र ७ का स्तरीय बाल अधिकार समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि २ दिने तालिमको आयोजना गरिएको थियो । उक्त तालिममा बालबालिकाहरुको अधिकार सुनिश्चि गर्नका लागि सरोकारवाला निकायहरुको भूमिका र अधिकार क्षेत्रहरुको विषयमा राष्ट्रिय बालअधिकार परिषद्का सहजकर्ता बद्री वाग्लेले प्रशिक्षण दिएका थिए ।



शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सूचना अनुरुप प्रत्येक विद्यालयमा गुनासो पेटिकाको व्यवस्थापन गर्नुपर्ने भएको हुँदा परियोजनाले कार्यक्षेत्रको ६ माध्यमिक र ४ आधारभूत विद्यालयमा यसै आर्थिक वर्षमा गुनासो पेटिकाको सहयोग गरे पश्चात धेरै विद्यालयहरुमा यसको उद्देश्यमूलक तवरबाट यसको प्रयोग नभएको हुँदा गुनासो सुनुवाइ कार्यविधि २०७४ (पहिलो संशोधन २०७७) का आधारमा ६ विद्यालयमा १ दिने अभिमुखिकरण कार्यक्रम संचालन गरियो । अभिमुखिकरण पश्चात अधिकतम विद्यालयहरुमा गुनासो सुनुवाइ र यसको व्यवस्थापनमा सहयोग गरेको पाइएको छ ।

विद्यालय, स्थानीय सरकार परियोजनाको सहकार्यमा बाल अधिकार संरक्षणका लागि समुदाय स्तरमा विविध कार्यक्रमहरु गर्दै आइरहेको छ । परियोजनाले साझेदार विद्यालयहरुका बाल क्लवको अग्रसरतामा संचालन गरिने विविध अतिरिक्त क्रियाकलाप तथा भित्ते पत्रिका लेखन, बालक्लबका बैठकहरु जस्ता क्रियाकलापहरु थप प्रभावकारी, स्तरीय र निरन्तरताका लागि परियोजनाबाट साझेदार २० विद्यालयहरुका बालक्लवका लागि आवश्यक स्टेशनरी सामग्रीहरु सहयोग गरिएको छ । विद्यालयले बालक्लवका लागि यस्ता अत्यावश्यक सामग्रीहरुको व्यवस्थापनमा परियोजनाको सहयोगले हाम्रो हाम्रो बालक्लवलाई थप उत्साह र प्रेरणा मिलेको र नियमित रुपले मासिक रुपमा भित्ते पत्रिका प्रकाशन, बैठकका साथै अतिरिक्त क्रियाकलापहरु गर्दै आइरहेको कुरा श्री हिमालय मा.वि.अन्नपूर्ण गा.पा. ७ तोल्काको बालक्लवका अध्यक्ष युजन वि.क (कक्षा ९) ले बताए ।

२.२. जिविकोपार्जन

२.२.१. ग्रामिण सहकारीहरुको स्तरोन्नतीमा सहयोग :

कास्की जिल्ला भित्र रहेका परियोजनाको कार्य क्षेत्रमा पर्ने विपन्न वर्गहरुलाई जिविकोपार्जनका कार्यक्रमहरुमा आवद्ध गर्दै आयआर्जनमा सहयोग गर्न परियोजनाले कास्कीका निम्न सहकारीसँग सहकार्य गर्दै आएको छ ।

क्र.सं.	सहकारीको नाम	स्थान
१	मिजुरेमिलन कफी उत्पादक सहकारी संस्था लि.	मादी गाउँपालिका-८, नागिधार
२	तोल्का वचत तथा ऋण सहकारी संस्था लि.	अन्नपूर्ण गाउँपालिका-७, तोल्का
३	तोगीलम्तरी कफी उत्पादक सहकारी संस्था लि.	मादी गाउँपालिका-११, सैमराङ्ग
४	मर्दीबराह महिला विकास वचत तथा ऋण सहकारी संस्था लि.	माछापुच्छ्रे गाउँपालिका-८, लुम्रे
५	पञ्चधाम कृषी विकास सहकारी संस्था लि.	अन्नपुर्ण गाउँपालिका-४, देउराली
६	कान्छी बराह महिला विकास वचत तथा ऋण सहकारी संस्था लि.	अन्नपूर्ण गाउँपालिका-६, लुम्ले

व्यवसाय स्थापना गरी जिविकोपार्जन सहज बनाउन परियोजनाले सहकारीमा आवद्ध अतिविपन्न वर्गका शेयर सदस्यहरुलाई व्यवसायिक सिप प्रदान गरी सहयोगका कार्यक्रम गर्दै आएको छ। सहकारीले पनि आफ्नो कार्यक्षेत्रमा रहेका विपन्न वर्ग तथा परियोजनाबाट सहयोग गरिएका बालबालिकाका घरधुरीलाई सहकारीमा आवद्ध गर्दै आवश्यक वित्तीय सहयोग गर्दछ। ग्रामीण समुदायको विकास तथा विपन्न वर्गको जिविकोपार्जनमा सहयोग गर्ने उद्देश्यका साथ स्थापना भएका माथिका ६ सहकारीहरुको सुदृढीकरणका लागि यस वर्ष घुम्तीकोष सहयोग कार्यक्रम, सहकारी व्यवस्थापन सहयोग, प्राकृतिक खेती, अगुवा कृषक तालिम, कृषकलाई बिँउ सहयोग, कृषकलाई बिँउ सहयोग, सहकारी सञ्जाल बैठक सहकारी मूल्याङ्कन, सहकारीको व्यवसाय घुम्तीकोष, सहयोग क्षमता तालिम संचालन गरिएको छ।

२.२.२. प्राकृतिक खेती तालिमः



प्राकृतिक खेती प्रणालीमा कुनै पनि रसायनिक मल विषदी प्रयोग नगरी स्थानीय वस्तु प्रयोग गरेर खेती गर्ने गर्न सकिन्छ भन्ने मान्यतालाई मध्यनजर गरी यस वर्ष देखि एक नविनतम अभ्यास सुरु गरिएको छ। यस प्रणालीमा जैविक छापो, सुक्ष्म जीवहरु, कम्पोष्ट तथा जैविक विषदी, न्युन खनजोत वा बिना खनजोत गरेर पनि उत्पादन लिन सकिने सिद्धान्ध रहेको छ। माटोमा भएका सुक्ष्म जीवहरुको प्रवर्द्धन तथा नयाँ सुक्ष्म जीवहरु थप गरी बिरुवाका लागि आवश्यक खाद्य तत्वहरुको आपुर्ती गरिन्छ। कास्की जिल्ला भित्र रहेका परियोजनाको कार्य क्षेत्रमा पर्ने अन्नपुर्ण गा.पा., माछापुच्छ्रे गा.पा. र मादी गाउँपालिकाका १६ अगुवा कृषकहरुलाई जिविकोपार्जनका कार्यक्रम अर्न्तगत प्राकृतिक खेती तालिममा आवद्ध गर्दै आयआर्जनमा सहयोग गर्न अगुवा कृषक तालिम सम्पन्न गरियको छ। अगुवा कृषकहरुले अन्य कृषकहरुलाई मुख्यतः प्राकृतिक खेती प्रणालीलाई प्रवद्धनका लागि आवश्वक सिप प्रदान गर्दै आइरहेको छ। स्थानीय वस्तु प्रयोगको सिद्धात अनुसार यस खेती प्रणालीले उत्पादनमा दिगोपना र क्षमता बढाउनुका साथै खेती स्थायित्व आउँछ र माटोमा सुक्ष्मजिबहरु बृद्धि हुन्छ। बालीको उत्पादन लागतमा कमी हुने र यसको अतिरिक्त नेपाल जस्तो बिकासोन्मुख राष्ट्रमा मल, बिषदीको अभावलाई समाधान गराउन मद्दत पुग्छ। साना आकारका कृषक घरधुरीको संख्या अधिक भएको, पारिवारिक प्राकृतिक खेती प्रणालीमा आधारित साना तथा मझौला कृषकहरु बाली तथा पशुपालन दुवै कर्महरु गर्ने गरेका र स्थानीय स्तरमा विभिन्न प्रकारका वानस्पतिक जडीबुटीको प्रचुर उपलब्धता भएको हाम्रो जस्तो भूगोल बढी भएको देशमा शून्य बजेट वा शून्य लागत प्राकृतिक खेतीलाई स्वस्थ्य खाद्य वस्तु उत्पादन, वातावरणको संरक्षण तथा रोजगारी सिर्जनाको एउटा सम्भावनाको रुपमा लिई यसै मार्फत आत्मनिर्भर अर्थतन्त्रको विकासमा सहयोग पुग्न सक्ने देखिन्छ। कास्की जिल्ला भित्र रहेका परियोजनाको कार्य क्षेत्रमा पर्ने विभिन्न १६० कृषकहरुलाई प्राकृतिक खेती तालिम कार्यक्रम अर्न्तगत कृषी सामाग्री हजारी, स्प्रे लगाएतका कृषी सामाग्री बितरण कार्यक्रम सम्पन्न गरियको छ।

२.२.३. सहकारीमा व्यवसाय सहयोगः

यस बर्ष कार्यक्षेत्र भित्रको मादी गाउँपालिका वडा नं. ८, को मिजुरे मिलन कफि उत्पादक सहकारी संस्था लि. लाई होजियारी व्यवसाय सहयोगका लागि एकीकृत सामुदायिक विकास परियोजनाको रु. १ लाख १० हजार ५५ मिजुरे मिलन कफि उत्पादक सहकारी संस्था लि. ले होजियारी व्यवसाय संचालनमा ल्याए संगै कास्की जिल्लाका प्रायोजित बालबलिका लागि तयार गरिएको प्रारम्भिक कार्य योजना अनुसार काम सुरु गरेको छ र अन्नपुर्ण गाउँपालिका वडा नं. ६ मा अवस्थित श्री कान्छी बराह महिला विकास वचत तथा ऋण सहकारी संस्था लि. लाई व्यवसाय सहयोगका लागि रु. ५० हजार २५ सहयोग गरियो ।

२.२.४. घुम्तीकोष रकम सहायता :



परियोजनाले सहकारी मार्फत व्यवसाय संचालन गर्न कृषि, लघु उद्यम संचालनका लागि सिप भएर पनि लगानीको अभावमा व्यवसाय गर्न नसकेका विपन्न व्यक्तिहरुलाई सहयोग गर्दै आएको छ । यस आर्थिक वर्षमा परियोजनाले दुई चरण (२०२२ र २०२३) मा गरी (४१ र ३६) ७७ जना विपन्न व्यक्तिहरुको व्यवसायिक योजना तयार गरी सहकारी मार्फत रु. ४६ लाख २० हजार ९ सय ४५ घुम्तीकोष रकम व्यवसाय संचालनका लागि सहयोग गरेको छ । सहयोगबाट बिभिन्न उल्लेखित व्यवसायमा १६ जनाले भैँसीपालन, १७ जनाले बाखापालन, ४ जनाले गाईपालन, ३८ जना तरकारी खेती, २ जनाले बंङ्गुरपालन, व्यवसाय संचालन गरिरहेका छन् । ६% व्याजदरमा ऋण प्राप्त गरेका थिए भने लाभान्वित व्यक्तिहरुले घुम्तीकोष मात्र सहयोग प्राप्त गरेका थिए । उक्त रकमबाट लगानी गरी व्यावसाय गर्न नसक्नेलाइ व्यवसाय स्थापना गरी आयआर्जन गरिरहेका छन् ।

क्र. सं.	सहकारीको नाम	२०२२ मा सहयोग गरिएको घुम्तीकोष रकम	२०२३ मा सहयोग गरिएको घुम्तीकोष रकम	कैफियत
१	मिजुरेमिलन कफी उत्पादक सहकारी संस्था लि.	४२०,०००।००	३६०,१८०।००	
२	तोगीलम्तरी कफी उत्पादक सहकारी संस्था लि.	४२०,०००।००	३६०,१८०।००	
३	पञ्चधाम कृषी विकास सहकारी संस्था लि.	३६०,०००।००	२४०,१२०।००	
४	कान्छी बराह महिला विकास वचत तथा ऋण सहकारी संस्था लि.	४२०,०००।००	४८०,२४०।००	
५	तोल्का वचत तथा ऋण सहकारी संस्था लि.	४२०,०००।००	३००,०१५।००	
६	मर्दी बराह महिला विकास वचत तथा ऋण सहकारी संस्था लि.	४२०,०००।००	४२०,२१०।००	
जम्मा		**२,४६०,०००.००**	**२१,६०,९४५.००**	

सहकारीमा २०२२ र २०२३ मा घुम्तीकोष परिचालनका लागि **घुम्तीकोष रकम**का रुपमा सहयोग गरिएको रकम ।

२.३. जन स्वास्थ्य :

२.३.१ ग्रामिण क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सहयोग :

कार्यक्षेत्रमा रहेका जन स्वास्थ्यका कार्यक्रमहरु संचालन गर्न परियोजनाले निम्न स्वास्थ्य संस्थासँग सहकार्य गर्दै आएको छ ।

क्र.स.	स्वास्थ्य संस्थाको नाम	कार्य क्षेत्र
१	मिजुरे आधारभूत स्वास्थ्य सेवा केन्द्र	मादी गाउँपालिका-८, नागिधार
२	मिजुरे स्वास्थ्य चौकी	मादी गाउँपालिका-९, गोंजे
३	भाचोक स्वास्थ्य चौकी	मादी गाउँपालिका-१०, भाचोक
४	थुम्सीकोट प्राथमिक स्वास्थ्य सेवा केन्द्र	मादी गाउँपालिका-१०, थुम्सीकोट
५	सैमराङ्ग स्वास्थ्य चौकी	मादी गाउँपालिका-११, सैमराङ्ग
६	भेडाबारी प्राथमिक स्वास्थ्य सेवा केन्द्र	माछापुच्छे गाउँपालिका-६, भेडाबारी
७	आधारभूत स्वास्थ्य सेवा केन्द्र	माछापुच्छे गाउँपालिका-८, ठाँटी
८	ल्वाङ सामुदायिक स्वास्थ्य इकाई	माछापुच्छे गाउँपालिका-८, ल्वाङ
९	ल्वाङघलेल स्वास्थ्य चौकी	माछापुच्छे गाउँपालिका-९, सैतीखोला
११	सल्यान स्वास्थ्य चौकी	अन्नपूर्ण गाउँपालिका-४, सल्यान
११	लुम्ले स्वास्थ्य चौकी	अन्नपूर्ण गाउँपालिका-६, माझगाँउ
१२	तोल्का सामुदायिक स्वास्थ्य इकाई	अन्नपूर्ण गाउँपालिका-७, तोल्का



प्रत्येक वर्षहरुमा जस्तै यस वर्ष पनि बालबालिकाहरुको स्वास्थ्य अवस्थाका बारे जानकारी प्राप्त गर्नका लागि स्थानीय स्वास्थ्य संस्था तथा विद्यालयहरुसँग समन्वय गर्दै बालबालिकाहरुको सामान्य स्वास्थ्य परीक्षण गरियो । स्वास्थ्य परिक्षणका लागि गाउँघर क्लिनिकको पनि परिचालन गरिएको थियो । यस आर्थिक वर्ष २०७९/८० मा सामान्य स्वास्थ्य परीक्षण सन्चालनबाट हालसम्म १०३२ बालबालिकाहरु लाभान्वित भएका छन् । स्थानिय स्वास्थ्य संस्थाबाट बार्षिक रुपमा स्वास्थ्य परीक्षण गर्दै जाँदा बालबालिकाहरुमा स्वास्थ्य जाँच तर्फ चासो बढेको छ भने अभिभावकहरुले पनि समय समयमा आफ्ना बालबच्चाको स्वास्थ्य जाँच गर्नुपर्ने बिषयमा जानकार भएका छन् ।

यसै वर्ष मादि गा.पा. वडा नं. १० कसेरीबाट नम्रता गौतम (NPL-0122-001248) को खेल्ने क्रममा लडेर दाईने हात भाच्चिएकाले सो को उपचार गर्दाको उपचार खर्च रु १९ हजार ७ सय ७० सहयोग गरियो साथै माछापुच्छे गा.पा. वडा नं. ८ ल्वाङबाट अविषेक परियार (NPL-0122-000965), खोरामुखबाट दिव्या गौतम (NPL-0122-001529) र कालीमाटीबाट सज्जल पौडेल (NPL-0122-001143) को खेल्ने क्रममा लडेर देब्रे हात भाच्चिएकाले सो को उपचार गर्दाको उपचार खर्च क्रमश. रु १८ हजार ४ सय ९९, रु ३३ हजार २ सय ३५ र रु ३६ हजार १ सय २६ सहयोग गरियो । त्यसैगरी पोखरा २९ पटनेरी बस्ने अजिता वि.क. (NPL-0122-000654) लाई सुगर भएको हुदाँ सो को उपचार गर्दाको उपचार खर्च रु ३६ हजार ८ सय ७० सहयोग गरियो र अन्नपूर्ण गा. पा. वडा नं. ७ लान्दुकमा बस्ने सिष्टी तिमिल्सिना (NPL-0122-000599) लाई Appendicitis भएको हुदाँ सो को उपचार गर्दाको उपचार खर्च रु २२ हजार ५ सय ७ सहयोग गरियो ।



ग्रामिण क्षेत्रमा गुणस्तरीय स्वास्थ्य सेवाको सहज पहुँचका लागि परियोजनाको कार्यक्षेत्रमा रहेको मादी गा.पा.का मिजुरे आधारभूत स्वास्थ्य सेवा केन्द्र, रबैडाँडा गाँउघर क्लिनिक, पोशी गाँउघर

क्लिनिक, गहते गाँउघर क्लिनिक र मुग्री गाँउघर क्लिनिक र अन्नपूर्ण गा.पा.का भदौरे गाँउघर क्लिनिकको सेवा सुधारका लागि २०७९ असोज २७ गते रु २ लाख ७७ हजार २ सय ६६ बराबरको स्वास्थ्य तथा फर्निचर सामग्री हस्तान्तरण गरियो । त्यसै गरी आधारभूत स्वास्थ्य र ल्याब प्रयोगशालाको सेवामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले परियोजनाले मादी गा.पा. वडा नं. १०, थुम्सीकोट प्राथमिक स्वास्थ्य सेवा केन्द्र र माछापुच्छ्रे गा.पा. वडा नं. ६, भेडाबारी प्राथमिक स्वास्थ्य सेवा केन्द्रलाई Bio-chemistry analyzer रु.२ लाख ICDP परियोजना, र रु. ५८ हजार २ सय मादी गा. पा. त्यस्तै रु. ५८ हजार २ स भेडाबारी प्राथमिक स्वास्थ्य सेवा केन्द्रको साझेदारीमा १/१ थान १७ जुन २०२३ का दिन नौलो घुम्ती नेपालका अध्यक्ष बद्री विनोद खनालको उपस्थितीमा हस्तान्तरण भयो । त्यसैगरी थुम्सीकोट प्राथमिक स्वास्थ्य सेवा केन्द्र, भेडाबारी प्राथमिक स्वास्थ्य सेवा केन्द्र, मिजुरे स्वास्थ्य चौकी र तोल्का सामुदायिक स्वास्थ्य इकाईलाई रु. २ लाख ५७ हजार ९५ बराबरको स्वास्थ्य तथा फर्निचर सामग्री हस्तान्तरण गरियो ।

२.३.१ समुदायमा स्वास्थ्य सचेतनाका लागि स्वास्थ्य कर्मी र महिला स्वास्थ्य स्वंयम सेविका परिचालन:



माछापुच्छ्रे गाउँपालिका वडा नं.- ६, ८ र ९, मादी गाउँपालिका वडा नं.- ८, ९, १० र ११, अन्नपूर्ण गाउँपालिका वडा नं.- ४, ६ र ७ गरी १३ स्वास्थ्य संस्थाका १३ जना स्वास्थ्यकर्मीहरुको सहभागितामा संक्रमण रोकथाम तथा नियन्त्रणसम्बन्धी तालिम २०७९ कार्तिक ३ देखी ४ सम्म संचालित तालिमले संक्रमण रोकथाम प्रशिक्षणको मुख्य उद्देश्य संक्रामक रोग वा हेल्थकेयर सम्बन्धित संक्रमणलाई स्वास्थ्य सेवा केन्द्रहरूमा फैलाउन नदिनु रहेको थियो । कास्की जिल्लाका स्वास्थ्यकर्मीहरुको संक्रमण रोकथामको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले यो तालिम सञ्चालन गरिएको हो । तालिमको सहजीकरण गण्डकी प्रदेश स्वास्थ्य तालिम केन्द्रका प्रशिक्षक श्री भोजराज गौतमले गरेका थिए ।

स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति स्वास्थ्य संस्थाका प्रमुख स्तम्भहरू हुन् जसले स्वास्थ्य सेवा प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि मुख्य भुमिका खेल्ने गर्छन् । हामीले माछापुच्छ्रे, अन्नपूर्ण र मादी गा. पा. का स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरूलाई एक दिने अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेका थियौ । यस कार्यक्रमको मुख्य उद्देश्य सदस्यहरूको क्षमतालाई अभिवृद्धि गर्नु, पदाधिकारीहरुको भूमिका र जिम्मेवारी बारे सचेत गराउनु थियो । कार्यक्रममा जम्मा ५४ जना सहभागीहरु थिए । साथै स्वास्थ्य संस्थाले भोग्नु परेका चुनौती, नियमित स्वास्थ्य परीक्षणको महत्व, बैठकलाई प्रभावकारी बनाउन सुझाव, बैठक कसरी सञ्चालन गर्ने, कार्ययोजना कसरी बनाउने, चिकित्सा उपकरणको आधारभूत मर्मतसम्भार, फोहोरमैला व्यवस्थापन लगायत विषयमा छलफल भएको थियो ।



महिला स्वास्थ्य स्वंयम सेविका (म.स्वा.स्व.से.) भनेका समुदायमा स्वास्थ्य सम्बन्धी कार्यक्रमका लागि एक अभिन्न अंगका रुपमा रहेका हुन्छन् । लुम्ले स्वास्थ्य चौकीका १३, मिजुरे आधारभूत स्वास्थ्य सेवा केन्द्रका ६ र तोल्का सामुदायिक स्वास्थ्य ईकाई ६ जना म.स्वा.स्व.से.हरुलाई आमा समूह बैठक सहजिकरणका लागि १ दिने अभिमुखिकरण कार्यक्रम मादी र अन्नपूर्ण गाउँपालिकासँगको समन्वयमा सम्पन्न गरिएको थियो । म.स्वा.स्व.से. सेवा क्षेत्रमा प्रत्येक महिनाको १ दिन परिचालन भई आमा समूह बैठक सन्चालन, गाउँघर क्लिनिक खोप केन्दमा सेवा प्रवाह र नौलो घुम्ती नेपालको जनस्वास्थ्य अधिकृतसँग बैठक बसी २०७९ असार

देखि मंसिर सम्मको प्रगति विवरणको तथ्याङ्क संकलन लुम्ले र २०७९ पुस देखी देखि २०८० असार सम्म मिजुरे र तोल्काको प्रगति विवरणको तथ्याङ्क संकलन गर्दै आइरहेको छ ।



मादी गा.पा.का वडा नं. १०, भाचोक स्वास्थ्य चौकीका ६ जना र वडा नं. ११ सैमराङ स्वास्थ्य चौकीका ३ जना गरी जम्मा ९ जना म.स्वा.स्व.से. हरुलाई ५ दिने पूर्नताजकी तालिम थुम्सीकोट प्राथमिक स्वास्थ्य सेवा केन्द्र मादी गा.पा.का १०, थुम्सीकोटमा २०७९ श्रावण ५ देखी ९ गतेसम्म सञ्चालन गरिएको थियो र अन्नपूर्ण गा.पा.का वडा नं. ७, लुम्ले स्वास्थ्य चौकीका १३ जना म.स्वा.स्व.से हरुलाई २ दिने सामुदायिक स्वास्थ्य तालिम २०७९ पुस ६ देखि ७ गतेसम्म सञ्चालन गरिएको थियो । त्यसैगरी माछापुच्छ्रे गा.पा. वडा नं. ६, भेडाबारी प्राथमिक स्वास्थ्य सेवा केन्द्रका १४ जना म.स्वा.स्व.से हरुलाई ४ दिने पूर्नताजकी तालिम २०७९ चैत्र ५ देखि ८ गतेसम्म भेडाबारीमा सञ्चालन गरिएको थियो । यस तालिमको मुख्य उद्देश्य आमा र समुदायका मानिसहरूलाई स्वास्थ्य व्यवहारको वकालत गर्नु र सुरक्षित मातृत्व, बाल स्वास्थ्य, परिवार नियोजन, र अन्य सामुदायिक स्वास्थ्य समस्याहरू र सेवा प्रवाहको प्रवर्द्धन गर्नु हो । यस तालिमले ३६ जना म.स्वा.स्व.से को ज्ञान र सीपलाई थप स्तरीय बनाएको र सामुदायिक स्वास्थ्य कार्यक्रमहरूमा नयाँ ज्ञान र सीपहरू प्रदान गर्ने क्षमतामा वृद्धि गरेको छ ।

२.३.३. महिनावारी स्वच्छता व्यवस्थापन



माछापुच्छ्रे गाँउपालिका वडा नं. ६, ८ र ९ अर्न्तगतका ९ विद्यालयका १३ जना शिक्षकहरुलाई किशोर किशोरी यौन तथा प्रजन्न स्वास्थ्य सम्बन्धी ३ दिने तालिम मिति २०८० साल ज्येष्ठ १३ गते देखि १५ गतेसम्म माछापुच्छ्रे गाँउपालिका वडा नं. ८, लुम्रेमा सम्पन्न भएको थियो । किशोरकिशोरी यौन तथा प्रजन्न स्वास्थ्य तालिमको मुख्य उद्देश्य शिक्षकहरुलाई किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी क्षमता अभिवृद्धि गर्ने र बालबालिकाहरुलाई शिक्षकको माध्यमबाट सचेतना फैलाउनु हो । तालिमको सहजीकरण भेडाबारी प्राथमिक स्वास्थ्य सेवा केन्द्रका प्रमुख प्रशिक्षक श्री आनन्द बरालले गर्नु भएको थियो । यसका साथै श्री सरस्वती आ.वि., श्री बम बहादुर घलेल आ.वि., श्री बराहा मा.वि., श्री तारे बराह आ.वि., शहिद श्री हरि प्रसाद आ.वि. र श्री बराही आ.वि.का १४६ बालबालिकाहरुलाई महिला स्वच्छता व्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रम संचालन गरियो ।

३. स्थानीय सरोकारवालाहरुको समन्वय, अनुगमत तथा मुल्याङ्कन :



परियोजनाले समाज कल्याण परिषद्को निर्देशन तथा स्थानीय सरकारसँगको सहकार्य तथा समन्वय बमोजिम आफ्ना कार्यक्रमहरु गर्दै आइरहेको छ । यसै सन्दर्भमा परियोजनाको वार्षिक कार्यक्रमहरुलाई कार्यान्वयन गर्नु पूर्व स्थानीय पालिकाहरुसँग गत वर्षको प्रगति प्रतिवेदन सहित आगामी कार्यक्रमहरुको अनुमोदन गर्दै कार्यक्रमहरु अगाडि बढाउँदै आएको छ । यसै सन्दर्भमा यस वर्ष पनि कार्य क्षेत्रका ३ वटै स्थानीय पालिकाहरु मादी, अन्नपूर्ण र माछापुच्छ्रे गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय

अधिकृत, विषयगत शाखा प्रमुख, वडा अध्यक्षहरुको उपस्थितीमा कार्यक्रम अनुमोदन तथा समन्वय बैठक सम्पन्न गर्दै कार्यक्रमहरु कार्यान्वयन गर्दै आइरहेको छ ।



त्यसै गरी एकीकृत सामुदायिक विकास परियोजनाका कार्यक्रमलाई थप प्रभावकारी तथा नजितामुखी बनाउन र सरोकारवाला र लाभग्राहीहरूबाट प्रतिक्रिया र सुझाव सङ्कलन गर्न बाह्य सहजकर्ता खटाएर हामीले अन्नपूर्ण गाउँपालिका ६, लुम्ले र माछापुच्छ्रे गाउँपालिका ८, लुम्रे, कास्कीमा सामाजिक लेखा परीक्षण कार्यक्रमका २ वटा कार्यक्रम सञ्चालन गरेका थियौँ । बैठक क्रमशः २७ र २९ डिसेम्बर २०२२ मा सम्पन्न भएको थियो । बाह्य सामाजिक लेखा परीक्षकलाई परियोजना अन्तर्गतका लाभग्राहीहरु त्था विषयगत क्षेत्रहरुका बारेमा जानकारी गराई स्वतन्त्र एवम् तटस्थ तवरले सामाजिक लेखा परीक्षण गरी सोही अनुसार प्रस्तुत गरिएको थियो । बजेट सहयोग, नगरपालिकासँगको समन्वय, सहयोगी सामग्रीको दिगोपन, विद्यालयमा निरन्तर अनुगमन, सहकारी, स्वास्थ्य सुविधा र बाल क्लबहरू समुदायमा विस्तार गर्नुपर्ने जस्ता मुलभुत सुझावहरु यस सामाजिक लेखापरीक्षणबाट प्राप्त भएको थियो ।



पालिकास्तर तहमा जस्तै जिल्ला तहमा पनि परियोजनाका गतिविधिहरुको जानकारी तथा रचनात्मक सल्लाह तथा सुझावका लागि जिल्ला समन्वय समिति (जि.स.स.) कास्कीको आयोजनामा जिल्ला परियोजना सल्लाहकार समिति (DPAC) बैठक २१ डिसेम्बर २०२२ मा जि.स.स.कास्कीको हलमा भएको थियो । परियोजनाका कार्यक्षेत्रका पालिका प्रमुख तथा प्रतिनिधि जिल्ला स्तरमा रहेका सरोकारवाला निकायहरुको उपस्थितीमा भएको कार्यक्रममा पालिकाका अन्य वडाहरुमा पनि कार्यक्षेत्रको विस्तार, व्यवसायिक सिप जन्य कार्यक्रममा जोड, वडा जस्तै पालिकाहरुसँगको समन्वयमा विस्तार, पालिकाहरुको बजेटमा साझेदारी जस्ता सुझावहरु यस बैठकबाट प्राप्त भएको थियो ।



यसै आर्थिक वर्षमा समाज कल्याण परिषद्बाट संस्थाले गदै आइरहेका गतिविधिहरुको समुदायस्तर मै अवलोकलन तथा भ्रमण भएको थियो । भ्रमणको क्रममा अन्नपूर्ण गाउँपालिकासँग अध्यक्ष, उपाध्यक्ष, प्रमुख कार्यकारी अधिकृत र विषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरुसँगको उपस्थितिमा छोटो अन्तरक्रिया र परियोजनाद्वारा हाल सम्म गरिएको कार्यक्रमहरुका बारेमा समिक्षा गरिएको थियो । त्यसैगरी, उद्यमीहरूको गृह भ्रमण र समुदायमा भएका शेयर सदस्यहरूसँग अन्तरक्रिया र अन्तमा अनुगमन टोलीबाट संस्थागत प्रतिक्रिया र सुझावहरू प्राप्त भएको थियो ।

एचआईभी रोकथाम, हेरचाह, सहयोग, तथा उपचार सेवा कार्यक्रम

१. परिचय :

USAID तथा PEPFAR को आर्थिक सहयोग र FHI 360 को प्राविधिक सहयोगमा नौलो घुम्ती नेपालले साथ-साथ परियोजनाको (सन् २०११ देखी सन् २०१६ सम्म) सम्पन्न भएपश्चात् पुनः महिला यौनकर्मी, तिनका ग्राहकहरु, समलिङ्गी पुरुषहरु, पुरुष यौनकर्मीहरु, तेस्रोलिङ्गी व्यक्तिहरु र एचआईभी संक्रमितहरुलाई लक्षित गरी एचआइभी रोकथाम, हेरचाह, सहयोग तथा उपचार कार्यक्रम लिङ्केजेज नेपाल परियोजना (LINKAGES Nepal Project) पनि २०१६ अक्टोवर देखि सेप्टेम्बर २०१९ सम्म सफलता पुर्वक सम्पन्न गर्‌यो । त्यस पश्चात् अक्टोबर २०१९ देखी हालसम्म ईपिक प्रोजेक्ट नेपाल नामक कार्यक्रम कास्की र तनहुं जिल्लामा संचालनमा रहेको छ ।

दिगो विकास लक्ष्य अन्तर्गत नेपाल सरकारको लिएको सन् २०३० सम्ममा एड्स महामारीको अन्त्य गर्ने प्रतिबद्धता लाई हासिल गर्नका लगि यस कार्यक्रम मार्फत नौलो घुम्ती नेपालले एचआईभी रोकथाम, विभिन्न किसिमका यौनजन्य संक्रमणको परिक्षण तथा उपचार, एचआईभी सम्बन्धि परामर्श तथा रक्त परिक्षण, एचआईभी संक्रमितहरुको लागि घर तथा समुदायमा आधारित हेरचाह, उपचारमा सहयोग र आधारभूत स्वास्थ्य सेवाहरु उपलब्ध गराउँदै आइरहेको छ ।

सरकारले लिएको यस लक्ष्यलाई पूरा गर्न स्थानिय स्तरबाट हरेकको सहयोग चाहिन्छ । यसै अनुरुप नौलो घुम्ती नेपालले कास्की र तनहुं जिल्लाबाट यसका लागि हातेमालो गरिहेको छ । सरकारी निकाय तथा जिल्लामा कार्यरत अन्य संघसस्थासंग समन्वय गरी नौलो घुम्ती नेपालले सन् २००२ देखि नै एचआइभी संक्रमण न्युनिकरणका कामहरु गरिहेको छ ।

मुख्य क्रियाकलापहरु

- एच आई भि सम्बन्धी जानकारीका लागि आउटरिच सेवा
- एच आई भि परिक्षण तथा परामर्श सेवा
- यौन रोगको निदान, उपचार र प्रेषण
- एच आई भि रोकथामको लागि प्रेप सम्बन्धी सेवा र कण्डम वितरण
- एच आई भि संक्रमितहरुलाई घर तथा समुदायमा हेरचाह र सहयोग
- एन्टीरेट्रोभाईरल औषधी (एआरभी) शुरु गर्नका लागि सहजिकरण
- भाईरल लोड टेष्टिङ्का लागि सहयोग
- लान्छना र भेदभाव न्युनिकरण सम्बन्धी तालिम

उपलब्धीहरु

यस परियोजना मार्फत सन् २०२२ अक्टोबर १ हालसम्म सञ्चालित कार्यक्रमको उपलब्धीहरुलाई प्रस्तुत गरिएको छ ।

कार्यक्रमका सुचकहरु (मुख्य उपलब्धीहरु)

कार्यक्रमका सुचकहरु	महिला यौनकर्मीहरु	अन्य जोखिममा रहेका महिला तथा पुरुषहरु	जम्मा
आउटरिच सेवा	४४६	४२२	८६८
एच.आई.भी. परीक्षण तथा परामर्श	२९१	२८८	५७९

एच आई भि रोकथामका लागि प्रेप वितरण	१०८	१	१०९
नया एआरटी शुरु	९	६७	७६
यौनरोगको परिक्षण	२५१	१५३	४०४
यौन रोगको निदान र उपचार	५३	२६	७९
घर तथा समुदायमा आधारित हेरचाह सेवा	३५	३४८	३८३
कण्डम वितरण	८४,७०९	२९,३३०	११४,०३९
भेदभाव र लान्छना न्युनीकरण सम्बन्धि तालिम	महिला	पुरुष	जम्मा
सहभागी संख्या	९८	८८	१८६

यस आ.व. २०७९/०८० मा देखिएका प्रमुख सिकाईहरु :

सिकाई

- जेष्ठ नागरिक तथा रजोनिवृति भएका महिला यौनकर्मिहरु पनि एच आईभिको जांच आवश्यक
- एचआईभीको क्षेत्रमा कार्यरत संघ संस्थाहरुको समन्वय र सहकार्यले एचआईभी संक्रमीतहरुलाई एआरटी सेवामा आबद्ध गराउन सहज
- चुनौति
- प्रेप सेवामा सेवार्थीहरुको नियमिततामा कठिनाई
- एड्सको अवस्थामा भएका एचआईभि संक्रमितहरुमा देखापर्ने अवसरवादी संक्रमणको उपचार

समुदायमा आधारित झोलुङ्गे पुल निर्माण कार्यक्रम, कास्की ।

परिचय :

नेपाल सरकार तथा स्वीस सरकारको बीच भएको सम्झौता अन्तर्गत सामुदायिक झोलुङ्गे पुल निर्माण एवंम मर्मत एक मुख्य कार्यक्रमको रुपमा रहेको छ । नेपाल सरकारको तर्फबाट स्थानीय विकास मन्त्रालय अन्तर्गत (डो लीडार) स्थानीय पुल शाखा तथा स्वीस सरकार विकास सहयोगकातर्फ बाट हेल्भेटासका Trail Bridge Suport Unit (TBSU) कार्यक्रमको सञ्चालन एवंम समन्वय गर्ने निकायको रुपमा रहेको छ ।हाल नेपाल सरकारले यस कार्यक्रमलाई मुख्य कार्यक्रममा लिए सँगै प्रदेश स्तरमा पुर्वाधार निर्देशनालयको मातहतमा (PATP) ले यस कार्यक्रमको सञ्चालन एवंम समन्वय गर्ने निकायका भूमिकामा छ । सामुदायिक झोलुङ्गे पुल कार्यक्रमको थालनी नेपालमा वि.स. २०४५ सालमा भएको थियो । कार्यक्रमको निरन्तरता एवंम् दिगोपनको लागि स्थानीय स्तरमा सामुदायिक झोलुङ्गे पुल निर्माण तथा बृहत मर्मत कार्य साथै क्षमता अभिबृद्धि गर्ने कार्यमा गैरसरकारी संस्थाको महत्वपूर्ण यागदान रहने गर्दछ ।

यस कुरालाई मध्यनजर गरी वि.स. २०७२ सालमा स्थानीय पुल कार्यक्रम र तत्कालिन जिल्ला विकास समिति कास्कीको संयुक्त निर्णयबाट नौलो घुम्ती नेपाललाई विधिवत रुपमा झोलुङ्गे पुल निर्माण कार्यको प्राविधिक तथा सामाजिक परिचालनमा सहयोगको जिम्मा पाएको थियो । हालको संघिय संरचना अनुसार उक्त कार्यक्रम स्थानिय निकायमा गाभिए सँगै कास्की र मनाङ जिल्ला भित्र रहेका क.म.श.: रुपा गाँउपालिका, माछापुच्छ्रे गाँउपालिका, मादी गाँउपालिका, अन्नपुर्ण गाँउपालिका, पोखरा महाँनगरपालिका, नासाँ गाँउपालिका, चामे गाँउपालिका र नार्पा भुमि गाँउपालिकासँग यो कार्यक्रम निरन्तर रुपमा चलीरहेको छ ।

२. **कार्यक्रमको उद्देश्य :**

यस कार्यक्रमको मुख्य उदेश्य आधा घाण्टाभन्दा बढिको फेरो लगाउनु नपर्ने गरी झोलुङ्गे पुलको निर्माण तथा मर्मत गरी स्थानीय जनतालाई नदी खोला तर्न सुरक्षित तथा भरपर्दो यातायातको सुविधा उपलब्ध गराई हाट/बजार, आधारभुत सेवा (स्वास्थ्य, विधायलय, प्रशासनिक सेवा केन्द्र, पर्यटन प्रबर्धन, सम्बृद्धि आदि) सामाजिक र सांस्कृतिक केन्द्रहरुमा पहुँच सुनिश्चित गराउनु रहेको छ ।

यस कार्यक्रमले समुदायलाई संगठित गरी विकास निर्माण कार्यमा अभिप्रेरित गर्नेछ र साथै स्थानिय स्तरमा ज्ञान र सीपमा अभिबृद्धि गर्नेछ । झोलुङ्गे पुल निमार्ण कार्यले स्थानीय जनस्तरमा रोजगारी समेत उपलब्ध गराउने छ । यस कार्यक्रमले गरिवी निवारणमा टेवा पुऱ्याउने अपेक्षा राखेको छ ।

१ . नौलो घुम्ती नेपालको झोलुङ्गे पुल निमार्ण कार्यक्रममा हालसम्म गरेका उपलब्धीहरु

क) ५८ वटा झोलुङ्गे पुलहरु निर्माण सम्पन्न गरेको छ ।

ख) हाल कास्कीमा ७ वटा र मनाङमा ८ झोलुङ्गे पुलहरु निर्माणाधीन अवस्थामा रहेको छ । साथै अन्य झोलुङ्गे पुलहरुको सर्भे तथा डिजाईन तयार गर्ने काम भैरहेको छ ।

ग) निर्माण सम्पन्न भएका झोलुङ्गे पुलको नियमित मर्मत सम्भार लागि पुल हेरालो नियुक्ति भएको छ ।

यस आर्थिक बर्षमा सम्पन्न पुलहरुको विवरण

क्र. स.	पुलको नाम	लम्बाई	स्थान
१	घट्टेखोला झोलुङ्गे पुल	१०५ मि.	अन्नपुर्ण गा.पा. –१
२	सिउलीमोदी झोलुङ्गे पुल	१०५ मि.	अन्नपुर्ण गा.पा. –७ र ११
३	भुजेलथर झोलुङ्गे पुल	६७ मि.	माछापुच्छे गा.पा.–३
४	घट्टेखोला ताङ्गतिङ्ग ट्रस पुल	३२ मि.	मादी गा.पा. -२
५	बिर्दी दोभान झोलुङ्गे पुल	१२० मि.	रुपा गा.पा. -१ र ३
६	चोरगौडा बास्कोट झोलुङ्गे पुल	९७ मि.	रुपा गा.पा. ७
७	कपुचे साँदल झोलुङ्गे पुल	८१ मि.	माछापुच्छे गा.पा.–१

३. अन्य नियमित गतिविधी तथा क्रियाकलाप

- वार्षिक योजना तर्जुमा
- विस्तृत सर्वेक्षण
- डिजाइन तथा लागत अनुमान
- पालिका तथा उ.स. बीच सम्झौता
- प्राविधिक सहयोग
- प्रगति प्रतिवेदन
- पुल मर्मत संभार समितिको गठन
- सार्वजनिक सुनुवाई , सार्वजनिक समीक्षा, सार्वजनिक लेखापरीक्षण

५. चुनौतीहरु :

- सम्बन्धित जग्गा धनिबाट पुल निर्माणको लागि मन्जुरीनामा दिएपनि पुल निर्माणको क्रममा अनबश्यक दु:ख दिनु ।
- सम्बन्धित निकायबाट उचित बजेट ब्यवस्थापन नहुनाले निर्माण कार्यमा ढिलाई हुनु ।
- निर्माण समिति गठन गर्दा समावेशीताको भौगोलिक आधारमा गरिने हुदा निश्चित समयमा बैठक बोलाउँदा उपस्थित कम हुने गरेको ।

तस्विरहरू



घट्टेखोला ट्रस पुल, मादी गा.पा. -२



कपुचे साँदल झोलुङ्गे पुल,माछापुच्छ्रे गा.पा.- १



चोरगौडा झोलुङ्गे पुल, रुपा गा.पा.- ७



भुजेलथर झोलुङ्गे पुल, माछापुच्छ्रे गा.पा.- ३



साबेद मौजा झोलुङ्गे पुल, अन्नपुर्ण गा.पा.- १

संस्थाका नियमित गतिविधिहरू

संस्थाको २१ औं वार्षिक साधारण सभा तथा ११ औं अधिवेशन :

मिति २०७९/०६/२८ गते संस्थाको २१ औं वार्षिक साधारण सभा तथा ११ औं अधिवेशन जिल्ला समन्वय कास्कीका प्रमुख लिलाधर पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न सम्पन भई बद्रीविनोद खनालको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित भएको थियो ।

बैठकहरु

गत बर्षमा संस्थाको कार्यसमितिको बैठक ६ पटक बसी बिबिध बिषयमा छलफल एवं निर्णय गरिएको छ । त्यसैगरी गत आर्थिक बर्षमा परियोजना व्यवस्थापन समितिको बैठक ३ पटक, सामुदायिक विकास कार्यक्रम व्यवस्थापन समिति ५ पटक, विभागीय प्रमुखहरुको बैठक २ पटक, सम्पूर्ण कर्मचारीहरुको बैठक १ पटक, कर्मचारी छनौट समिति, तथा परियोजनागत मासिक, त्रैमासिक, अर्धबार्षिक र बार्षिक बैठकहरु नियमित रुपमा सम्पन्न भएका छन् । यसैगरी खरीद समितिको बैठक, प्रस्ताव तयारी बैठक तथा अन्य बैठकहरु आवश्यकता अनुसार सम्पन्न भएका छन् ।

लेखा परीक्षण

आ.व. २०७९/०८० को लेखा परीक्षण साधारण सभाबाट नियुक्त चार्टड एकाउन्टेन्ट फर्म गोशेली एण्ड एशोसिएट बाट सम्पन्न गरी प्रतिवेदन पेश गर्नुभएको छ । जसको प्रतिवेदन यसै सभामा प्रस्तुत गरिएको छ ।

सहभागिता

यस आ. व. मा विभिन्न संजाल तथा संघसंस्था हरुसंग समन्वय बैठकमा संस्थाको तर्फबाट सक्रिय सहभागिता रहेको छ । यस अर्न्तगत गण्डकी प्रदेश, शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय, सामाजिक विकास महाशाखा, शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा, जिल्ला समन्वय समिति, रिकभरिङ्ग नेपाल, नानगान, जिल्ला दैवि प्रकोप उपसमिति, गैसस महासंघ, शान्तिका लागि नागरिक समाजको सञ्जाल, मानव अधिकार एलायन्स, गण्डकी प्रदेश एचआइभी एलायन्स लगायतमा संस्थाको सक्रिय सहभागिता रहेको छ र आवश्यकता बमोजिम समन्वय तथा सहभागितालाई थप बढावा दिईनेछ ।

त्रैमासिक अनुगमन तथा समीक्षा

यस आ.व. मा पनि विभिन्न दातृनिकायवाट त्रैमासिक समिक्षा तथा अनुगमन सम्पन्न भएका छन । समाज कल्याण परिषद् बाट संस्थागत तथा कार्यक्षेत्रगत अनुगमन तथा समीक्ष भएको छ । गुड नेबर्स इन्टरनेश्नल नेपालका जिल्ला कार्यक्रम संयोजक मन कुमार राई एफएचआइका बरिष्ठ कार्यक्रम अधिकृत कृपा भट्टराई संग कार्यक्रमको मासिक तथा त्रैमासिक समीक्षा बैठकहरु सम्पन्न गरिएका छन । आईटिटिएफ फाउण्डेशनका कार्यक्रम संयोजक जुलिया टपेन्ड्रफ द्धारा कार्यक्षेत्रगत अनुगमन तथा कार्याशाला गोष्ठी सम्पन्न भएको छ ।

हरेक महिना स्वास्थ्य कार्यालय, कास्की, पोखरा महानगर पालिका कार्यालय, कास्की जिल्लाका विभिन्न गाँउपालिका, राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र एवं सम्बन्धित सबै सरोकारवाला निकायहरुमा सबै परियोजनाहरुले सेवार्थीहरुलाई पुऱ्याएको सेवाको विवरण सहितको प्रतिवेदन तयार गरी पठाउने कार्यलाई यस वर्ष अझ प्रभावकारी वनाईएको छ । त्यसैगरी परियोजनाको संझौतामा उल्लेख भए अनुसार संवन्धित दातृ निकायमा नियमित रुपमा संक्षिप्त एंव विस्तृत प्रतिवेदन पठाउँदै आइएको छ ।

समन्वय र संजालिकरण

- गैरसरकारी संस्था महासंघ जिल्ला समिति कास्कीमा यस संस्थाका अध्यक्ष योगराज पौडेल सदस्य रहनुभएको छ।
- गैरसरकारी संस्था महासंघ गण्डकी प्रदेश समितिमा यस संस्थाका आजीवन सदस्य तथा सल्लाहाकार पदमराज पहारी उपाध्यक्ष रहनुभएको छ।
- गण्डकी प्रदेश एचआईभी. र एड्स संजालमा नौलो घुम्ती सदस्य रहेको छ। जसमा कार्यकारी निर्देशकको प्रतिनिधित्व रहेको छ।
- नौलो घुम्ती नेपाल नानगानको सदस्य रहेको छ। यस संस्थाका अध्यक्ष नानगानमा कार्यसमिति सदस्य हुनुहुन्छ।
- रिकभरिङ्ग नेपालमा पनि सदस्य संस्थाको रुपमा सहभागिता राख्दै आएको छ।
- जिल्ला प्रकोप उद्धार समिति अन्तरगत स्वास्थ्य समितिको सदस्य रहेको छ।
- हिंसामा परेका महिला तथा बालबालिकाहरुका लागि आकस्मिक उद्धार संजालको सदस्य।
- शान्तिको लागि नागरिक समाजको संजालमा संस्था सदस्य रहेको छ।
- एचआईभी एड्स तथा प्रजनन् स्वास्थ्य सम्वन्धी राष्ट्रिय संजालमा (HIV/SRHR) नौलो घुम्ती सदस्य संस्थाको रुपमा रही आएको छ।
- यस बाहेक यस संस्थाका पदाधिकारी सदस्यहरु, कर्मचारीहरु लायन्स क्लव, रेडक्रस, रोटरी क्लब, सामुदायिक समिति, मानव अधिकार सम्वन्धी संस्थाहरु, सहकारी संस्था, समुदायमा आधारित अन्य संघ संस्थामा संलग्न भई सामाजिक सेवाका विभिन्न कृयाकलापमा नेतृत्व प्रदान गर्दै आउनुभएको छ जसबाट संस्थालाई प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग प्रदान भएको छ।

आगामी वर्ष २०८०/०८१ का लागी प्रस्तावित कार्यक्रमहरू

१. एचआइभी, रोकथामका लागि लागुपदार्थ परामर्श उपचार तथा पुनर्स्थापना कार्यक्रमलाई दातृ निकायको सहयोग प्राप्त नहुने अवस्थामा पनि दिगो रुपमा संचालन गर्ने उपायहरु अवलम्वन गर्ने ।

२. जिल्ला समन्वय समिति र टि.बि.एस.यू. हेल्भीटास, स्थानीय निकाय संगको सहकार्यमा कास्की लगायत गण्डकी प्रदेशका अन्य जिल्लाहरुमा सामुदायिक झोलुङ्गे पुल कार्यक्रमलाइ विस्तार तथा निरन्तर संचालन गर्ने ।

३. कास्की जिल्लामा संचालित एकीकृत सामुदायिक विकास परियोजनालाई निरन्तरताको लागि गुड नेवर्स इन्टरनेशनल संग समन्वय गरिनुका साथै, स्थानीय सरकार तथा स्थानीय दाताहरु संग समन्वय तथा पहल गरि कार्यक्रमलाई थप प्रभावकारी र विस्तारित रुपमा अगाडि बढाउने ।

४. विभिन्न स्थानीय दाता, बैङ्क तथा वित्तिय संस्था, स्थानीय निकाय, आजिवन सदस्य, कार्यसमिति पदाधिकारिहरु संग समन्वय र सहकार्य गरि स्पोन्सरसिप अ ड्रिम परियोजना मार्फत आर्थिक अभावका कारण शिक्षा बाट बन्चित रहेका वालवालिकाहरुलाई शिक्षको पहुँच अभिबृद्धि गर्ने ।

५. ITTF Foundation संगको सहकार्यलाई निरन्तरता दिई Table Tennis for New Life (TTNL) परियोजनालाई निरन्तरता दिने ।

६. एचआईभी रोकथाम, हेरचाह, सहयोग, तथा उपचार सेवा कार्यक्रम इपिक नेपाल Family Health International (FHI360) संगको सम्झौता यही सेप्टेम्बर २०२३ सम्म मात्र रहेकोमा हालैमात्र सेप्टेम्बर २०२४ सम्मको लागि सम्झौता भएकोले सो कार्यक्रमलाई पनि निरन्तरता दिईनेछ ।

७. संस्थाको आर्थिक स्रोत संकलनका लागि पहल गर्ने ।

८. संस्थाका लागि नयाँ कार्यक्रम, नयाँ दातृनिकाय खोजी गरिने तथा इच्छापत्र र प्रस्ताव पत्र पेश गर्ने ।

९. संस्थामा रहेका सबै प्रकारका नीतिनियम, निर्देशिका, प्रोटोकलहरुको समयानुकुल परिमार्जन र संशोधन गर्ने ।

१०. गैर सरकारी संस्था महासंघ, गण्डकी प्रदेश एचआइभी र एड्स संजाल, रिकभरिङ्ग नेपाल, नेपाल प्रशंसनीय दृष्टिकोण राष्ट्रिय संजाल, प्रदेश स्वास्थ्य संजाल, सामाजिक जवाफदेहिता संजाल, खानेपानी र सरसफाई समिति, प्रदेश बिपद् तथा दैवीप्रकोप व्यवस्थापन समिति, जिल्ला प्रजनन् स्वास्थ्य समिति, शान्तिको लागि नागरिक समाजको संजाल, लगायत सम्बन्धित सरोकारवाला निकाय सबै संगको संस्थागत संबन्धलाई निरन्तरता दिने र संस्थाको भूमिकालाई अझ प्रभावकारी बनाउने ।

११. यज्ञमा दान प्रदान गर्ने दानवीरहरुलाई संस्थागत नीति बमोजिम मार्वलमा अभिलेख राखिने छ ।

१२. भौतिक परिक्षण, लेखा परिक्षण प्रतिवेदन तथा अन्य निकायहरुबाट भएका अनुगमन मुल्याङ्कन प्रतिवेदनले औंल्याएका सुझावहरुको कार्यान्वयन गर्दै जाने ।

१३. संस्थाको वृत्ति विकासलाई मध्यनजर गर्दै सूचना प्रविधिलाई प्रभावकारी रुपमा अवलम्बन गरि डाटा रेकर्डिङ्ग, ई फाईलिङ्ग, वेबसाइट, इमेललाई समयानुकल अध्यावधिक, परिमार्जित तथा व्यवस्थितलाई निरन्तरता दिनुका साथै सेवाग्रही तथा सरोकारवाला निकायहरुलाई सुचनाको सहज पहुँच अभिबृद्धि गर्ने ।

अनुसुची १ कार्यसमिति तथा आजीवन सदस्यको नामावली

सि.नं.	नाम	ठेगाना	सदस्यता
१	बद्री विनोद खनाल "प्रतीक"	पोखरा-१२, रानीपौवा कास्की	अध्यक्ष
२	योगराज पौडेल	पोखरा-५, पर्स्याङ्ग कास्की	निबर्तमान अध्यक्ष
३	सुरेन्द्र थापा मगर	पोखरा-८, चालिसे चोक, कास्की	प्रथम उपाध्यक्ष
४	मंगल नेपाली	पोखरा-६, बैदाम कास्की	द्वितीय उपाध्यक्ष
५	मिना कुमारी गुरुङ्ग	पोखरा-१६, कास्की	महासचिव
६	कमल प्रसाद अर्याल	पोखरा-७ राष्ट्र बैक चोक, कास्की	सचिव
७	महेन्द्र कुमार गुरुङ्ग	पोखरा-१०, कास्की	कोषाध्यक्ष
८	शिवराम भण्डारी	पोखरा -१७ कास्की	सदस्य, कार्यसमिति
९	तुमला श्रेष्ठ	पोखरा -१७ कास्की	सदस्य, कार्यसमिति
१०	कमला रिमाल	पोखरा- १६, लामाचौर, कास्की	सदस्य, कार्यसमिति
११	ढुण्डीराज ज्ञवाली	मधौलिया- ६ रुपन्देही	सदस्य, कार्यसमिति
१२	विनु गुरुङ	पोखरा-१३ माटेपानी	सदस्य, कार्यसमिति
१३	खड्ग बहादुर रानाभाट	पोखरा-१७, ड्यामसाईड कास्की	सल्लाहकार समिति संयोजक
१४	प्रेम बहादुर श्रेष्ठ	पोखरा-१७, पार्दि कास्की	संस्थापक अध्यक्ष तथा सल्लाहकार
१५	ईन्दिरा बराल	पोखरा-७ , राष्ट्र बैक चोक कास्की	पूर्व अध्यक्ष तथा सल्लाहकार
१६	पदम राज पहारी	पोखरा-६,कास्की	पूर्व अध्यक्ष तथा सल्लाहकार
१७	मेहरमान श्रेष्ठ	पोखरा-६, बैदाम कास्की	पूर्व अध्यक्ष तथा सल्लाहकार
१८	मे. दिल बहादुर गुरुङ्ग	पोखरा-८, बगालेटोल कास्की	सल्लाहकार
१९	मे. चन्द्र बहादुर गुरुङ्ग	पोखरा ८, कास्की	सल्लाहकार
२०	दीनकुमारी शर्मा	पोखरा-७, रत्नचोक कास्की	आजीवन सदस्य
२१	रमेश वहादुर भट्टराई	पोखरा-६, लेकसाइड, कास्की	आजीवन सदस्य
२२	काली वहादुर परियार	पोखरा-६ लेकसाईड	आजीवन सदस्य
२३	राममाया विश्वकर्मा	पोखरा-६,कास्की	आजीवन सदस्य
२४	डा.रामनाथ ओझा	थुम्की ८, कास्की	आजीवन सदस्य
२५	लाल कुमारी गुरुङ्ग	थुमाको डांडा गा.वि.स कास्की ।	आजीवन सदस्य
२६	राम प्रसाद ज्ञवाली	पोखरा १७, विरौंटा, कास्की	आजीवन सदस्य
२७	शकुन सिंह	पोखरा-१७, ड्यामसाईड, कास्की	आजीवन सदस्य
२८	चुडामणि पहारी	पोखरा-६, बैदाम कास्की	आजीवन सदस्य
२९	राजेन्द्र अधिकारी	पोखरा-१६, लमाचौर कास्की	आजीवन सदस्य
३०	जमुना पौडेल	पोखरा-७, राष्ट्रबैंक चोक कास्की	आजीवन सदस्य
३१	डा.कपिल उपाध्याय	काठमाडौं -१०, बनेश्वर हाइट	आजीवन सदस्य
३२	रामराज के.सी.	पोखरा-१, बगर कास्की	आजीवन सदस्य

सि.नं.	नाम	ठेगाना	सदस्यता
३३	गृष्म केशव पराजुली	पोखरा- १५, नयां गांउ,कास्की	आजीवन सदस्य
३४	गणेश बहादुर श्रेष्ठ	पोखरा-१, वागवजार कास्की	आजीवन सदस्य
३५	महेश गुरुङ्ग	नयां गाउं १५, पोखरा, कास्की	आजीवन सदस्य
३६	डा. दिपेन्द्र कुमार गौतम	पोखरा-१२, रामघाट, कास्की	आजीवन सदस्य
३७	राजन अधिकारी	विराटनगर- ११, मोरङ्ग	आजीवन सदस्य
३८	सुशील कुमार गोशली	पोखरा- ९, नयां जार कास्की	आजीवन सदस्य
३९	कर्म गुरुङ्ग	पोखरा-१६, कास्की	आजीवन सदस्य
४०	हिमालय देव सिग्देल	काठमाण्डौं-७, सिफल	आजीवन सदस्य
४१	योगेन्द्र प्रधान	पोखरा-९, नयांवजार कास्की	आजीवन सदस्य
४२	ई.शारदा मोहन काफ्ले	पोखरा-८, कास्की	आजीवन सदस्य
४३	पुष्पराज श्रेष्ठ	पोखरा-८, कास्की	आजीवन सदस्य
४४	प्रकाश वाग्ले	मनपाङ गा.वि.स. ८, तनहुं	आजीवन सदस्य
४५	डा. नारायण ओझा	पोखरा-१२ कास्की	आजीवन सदस्य
४६	मेजर रामबहादुर गुरुङ्ग	पोखरा-१०, पोखरा कास्की	आजीवन सदस्य
४७	दिल बहादुर गुरुङ्ग	पोखरा- १, बगर कास्की	आजीवन सदस्य
४८	निलम दुवे	पोखरा-१०, कास्की	आजीवन सदस्य
४९	गज कुमारी गुरुङ्ग	पोखरा-१०, कास्की	आजीवन सदस्य
५०	गंगा कुवर	पोखरा-१०, कास्की	आजीवन सदस्य
५१	राज कुमारी पुन	पोखरा -६, कास्की	आजीवन सदस्य
५२	कृष्ण के.सी	पोखरा -८ कास्की	आजीवन सदस्य
५३	नारायण प्रसाद पौडेल	चिलाउनेवास-२, स्याङजा	आजीवन सदस्य
५४	निरुपा थापा	पोखरा-१०, कास्की	आजीवन सदस्य
५५	राम प्रसाद पौडेल	पोखरा- ६ कास्की	आजीवन सदस्य
५६	माधव तिमिल्सिना	सराङकोट- ५ कास्की	आजीवन सदस्य
५७	कमल पौडेल	पोखरा -७ कास्की	आजीवन सदस्य
५८	मना ज्ञवाली	पोखरा -१७ कास्की	आजीवन सदस्य
५९	सम्पुर्ण पौडेल	चिलाउनेवास - ५ स्याङजा	आजीवन सदस्य
६०	शिव राज शर्मा	पिपलटारी पर्वत	आजीवन सदस्य
६१	पोष्ट वहादुर के.सी	खिदिम अर्घाखांची	आजीवन सदस्य
६२	कपिल प्रसाद पुरी	रुरु-७, गुल्मी नेपाल	आजीवन सदस्य
६३	शम्भु प्रसाद पोखेल	सन्धिखर्क-१, अर्घाखांची	आजीवन सदस्य
६४	शिवराज आचार्य	पोखरा -१७ विरौटा	आजीवन सदस्य
६५	हरि पौडेल	पोखरा-६ कास्की (होटल वाराही)	आजीवन सदस्य
६६	देवी सुवेदी	पोखरा-१७ ड्यामसाईड	आजीवन सदस्य

सि.नं.	नाम	ठेगाना	सदस्यता
६७	सुशीला सुवेदी	पोखरा- ६ लेकसाईड	आजीवन सदस्य
६८	राम प्रसाद तिमिल्सेना	पोखरा-५ मालेपाटन	आजीवन सदस्य
६९	डा. वर्षा कुँवर	पोखरा-१० हस्पीटल चोक	आजीवन सदस्य
७०	डा. मुकुन्द आचार्य	पोखरा- १७ कास्की	आजीवन सदस्य
७१	डा. थानेश्वर पहारी	पोखरा-६ बसन्तबैठक नारेश्वर	आजीवन सदस्य
७२	डा. देवेन्द्र लामिछाने	पोखरा- ६ लेकसाईड	आजीवन सदस्य
७३	हरि गैरे	पोखरा- ६ लेकसाईड	आजीवन सदस्य
७४	जगन गुरुङ	पोखरा- १६ कास्की	आजीवन सदस्य
७५	शेर वहादुर गुरुङ	पोखरा- ७ कास्की	आजीवन सदस्य
७६	दिल वहादुर गुरुङ	पोखरा- ८ कास्की	आजीवन सदस्य
७७	जयेन्द्र गौचन	पोखरा- ७ कास्की	आजीवन सदस्य
७८	राजिव वराल	पोखरा- ७ कास्की	आजीवन सदस्य
७९	विक्रम पोखेल	पोखरा -१७, कास्की	आजीवन सदस्य
८०	नरेश भट्टराई	पोखरा -६ कास्की	आजीवन सदस्य
८१	महेश भट्टराई	पोखरा- ६ कास्की	आजीवन सदस्य
८२	विमला श्रेष्ठ	पोखरा- ९ कास्की	आजीवन सदस्य
८३	समिर गुरुङ्ग	पोखरा- ९ कास्की	आजीवन सदस्य
८४	कोकीला मल्ल	पोखरा कास्की	आजीवन सदस्य
८५	निर्मला वराल	पोखरा- ७ कास्की	आजीवन सदस्य
८६	नरेन्द्र वास्तोला	ले.न.पा. कास्की	आजीवन सदस्य
८७	क्या. भुवन सिं गुरुङ	पोखरा- ९ कास्की	आजीवन सदस्य
८८	सरस्वती गुरुङ	पोखरा- १४ कास्की	आजीवन सदस्य
८९	सीता पाण्डे	पोखरा- ६ कास्की	आजीवन सदस्य
९०	तेज वहादुर गुरुङ	पोखरा- ११ कास्की	आजीवन सदस्य
९१	राजेन्द्र लिगल	पोखरा -३ कास्की	आजीवन सदस्य
९२	बच्चु राम तिवारी	पोखरा -१७, ड्यामसाईड	आजीवन सदस्य
९३	टोपराज ढुङाना	पोखरा -१७ विरौटा	आजीवन सदस्य
९४	गेहेन्द्र वहादुर भट्टराई	पोखरा- ६ लेकसाईड कास्की	आजीवन सदस्य
९५	अनिला श्रेष्ठ	पोखरा -१७, पार्दि कास्की	आजीवन सदस्य
९६	झपट वहादुर कुवर	पोखरा-१० हस्पीटल चोक	आजीवन सदस्य
९७	कल्याणी उदास	पोखरा- ९ कास्की	आजीवन सदस्य
९८	कृष्ण बहादुर गुरुङ	पोखरा -१७, कास्की	आजीवन सदस्य
९९	क्या. पूर्ण बहादुर हेल्मो	पोखरा-१४, कास्की	आजीवन सदस्य

अनुसुची २. बिभिन्न समितिका विवरण

सल्लाहकार समिति		
सि.नं.	नाम	पद
१.	खड्ग बहादुर रानाभाट	संयोजक
२.	प्रेम बहादुर श्रेष्ठ	संस्थापक अध्यक्ष तथा सल्लाहकार
३.	ईन्दिरा बराल	पूर्व अध्यक्ष तथा सल्लाहकार
४.	पदमराज पहारी	पूर्व अध्यक्ष तथा सल्लाहकार
५.	मेहरमान श्रेक्ष्ठ	पूर्व अध्यक्ष तथा सल्लाहकार
६.	मे. दिल बहादुर गुरुङ्ग	सल्लाहकार
७.	मे.चन्द्र बहादुर गुरुङ्ग	सल्लाहकार

कार्यक्रम ब्यवस्थापन समिति		
सि.नं.	नाम	पद
१.	सुरेन्द्र थापा मगर	अध्यक्ष
२.	मीना कुमारी गुरुङ्ग	सदस्य
३.	मंगल नेपाली	सदस्य
४.	महेन्द्र गुरुङ्ग	सदस्य
५.	अनेश गुरुङ्ग	सदस्य सचिव
६	सुशीला थापा	सदस्य
७	पंकज घिमीरे	सदस्य
८.	महेश विश्वकर्मा	सदस्य
९.	ओमकृष्ण गुरुङ्ग	सदस्य
१०.	तुल बहादुर रानाभाट	सदस्य
११.	पदम राज गुरुङ्ग	सदस्य

भौतिक परीक्षण समिति		
सि.नं.	नाम	पद
१.	शिवराम भण्डारी	संयोजक
२.	ढुण्डीराज ज्ञवाली	सदस्य
३.	विन कुमारी गुरुङ्ग	सदस्य
४.	अनेश गुरुङ्ग	सदस्य सचिव
५.	प्रशासन तथा लेखा प्रमुख	सदस्य

पदपूर्ति समिति		
सि.नं.	नाम	पद
१.	बद्री विनोद खनाल 'प्रतीक'	संयोजक
२.	सुरेन्द्र थापा मगर	सदस्य
३.	मीना कुमारी गुरुङ्ग	सदस्य
४.	कमल प्रसाद अर्याल	सदस्य
५.	महेन्द्र कुमार गुरुङ्ग	सदस्य
६.	अनेश गुरुङ्ग	सदस्य सचिव

कानुनी सल्लाहकार समिति		
सि.नं.	नाम	पद
१.	सुरेन्द्र थापामगर	संयोजक
२.	कमल प्रसाद अर्याल	सदस्य
३.	समीर गुरुङ्ग	सदस्य

संघ संस्था समन्वय समिति		
सि.नं.	नाम	पद
१.	पदम राज पहारी	संयोजक
२.	इन्दिरा बराल	सदस्य
३.	बिन कुमारी गुरुङ्ग	सदस्य

कोष बृद्धी समिति			
सि.नं.	नाम	पद	कैफियत
१.	खड्ग बहादुर रानाभाट	संयोजक	
२.	काली बहादुर परियार	सदस्य	
३.	प्रेम बहादुर श्रेष्ठ	सदस्य	
४.	मे. दिलबहादुर गुरुङ्ग	सदस्य	
५.	मे. चन्द्र बहादुर गुरुङ्ग	सदस्य	
६.	जगन गुरुङ्ग	सदस्य	
७.	शेर बहादुर गुरुङ्ग	सदस्य	
८.	तेज बहादुर गुरुङ्ग	सदस्य	
९.	निरुपा थापा	सदस्य	
१०.	क्या. पुर्ण बहादुर हेल्मो	सदस्य	
११.	महेश गुरुङ्ग	सदस्य	

संस्थाका हालसम्मका अध्यक्षहरुः

श्री प्रेम बहादुर श्रेष्ठ	संस्थापक अध्यक्ष
स्व. श्री सुरेन्द्र कुमार गौतम	पूर्व अध्यक्ष
श्री इन्दिरा बराल	पूर्व अध्यक्ष
श्री पदमराज पहारी	पूर्व अध्यक्ष
श्री मेहरमान श्रेष्ठ	पूर्व अध्यक्ष
श्री खड्ग बहादुर रानाभाट	पूर्व अध्यक्ष
श्री योगराज पौडेल	निवर्तमान अध्यक्ष

अनुसुची ३. कर्मचारीहरूको बिबरण

क्र.सं.	नाम	पद	महिला	पुरुष	कैफियत
व्यवस्थापन					
१.	अनेश गुरुङ्ग	कार्यकारी निर्देशक		पु.	
२	सुशीला थापा	प्रशासन तथा वित्त अधिकृत	म.		
३	तुल वहादुर रानाभाट	प्रशासन तथा वित्त अधिकृत		पु.	
४	आइसा पहारी	प्रशासन तथा वित्त सहायक	म.		
५	टिका राम ढकाल	सवारी चालक		पु.	
६	दिलमाँया गुरुङ्ग	कार्यालय सहयोगी	म.		अवकास
एचआईभी रोकथाम, हेरचाह, सहयोग, तथा उपचार सेवा कार्यक्रम (Epic Nepal Project)					
१	पंकज घिमिरे	अनुगमन तथा मूल्यांकन अधिकृत		पु.	
२	मनिषा सुबेदी	हेल्थ असिष्टेण्ट	म.		
३	सम्मेलन बिक्रम शाही	कोभिड रेस्पोन्स अधिकृत		पु.	अवकाश
४	विजय पौडेल	ल्याब असिस्टेन्ट		पु.	
५	सूर्य सुनुवार	डिआईसी अपरेटर तथा अनुगमन तथा मुल्यांकन सहायक		पु.	
६	क्षितिज गुरुङ्ग	हेल्थ असिष्टेण्ट		पु.	
७	नरेन्द्र ढकाल	हेल्थ असिष्टेण्ट		पु.	
८	तेजेन्द्र महत	हेल्थ असिष्टेण्ट		पु.	अवकाश
९	शिला पन्त	समुदायिक स्तरीय सहजकर्ता	म.		
१०	चनमाया गुरुङ्ग	समुदायिक स्तरीय सहजकर्ता	म.		
११	बलराम गिरी	समुदायिक स्तरीय सहजकर्ता		पु.	
१२	अस्मिता थापामगर	पियर नेभिगेटर	म.		
१३	सुमन श्रेष्ठ	पियर नेभिगेटर		पु.	

१४	दिपक रानाभाट	पियर नेभिगेटर		पु.	
१५	सुनिता परियार	पियर नेभिगेटर	म.		
१६	केश बहादुर घर्ति थापा	कार्यालय सहयोगी		पु.	
१७	राजु थापा	कार्यालय/क्लिनिक सहयोगी		पु.	स्वर्गिय २०८०/०४/३०
१८	सेती माँया थापा	कार्यालय/सिहयोगी	म.		
सामुदायिक विकास परियोजना					
१	महेश कुमार विश्वकर्मा	कार्यक्रम संयोजक		पु.	
२	सुस्मिता आचार्य	एसिस्टेन्ट पब्लिक हेल्थ अधिकृत	म.		
३	सन्जिब बहादुर बराल	सहकारी ब्यावसाय विकास अधिकृत		पु.	
४	अनिल नेपाली	सामुदायिक सहजकर्ता		पु.	
५	बल बहादुर के. सी.	सामुदायिक सहजकर्ता		पु.	
६	बलराम पौडेल	सामुदायिक सहजकर्ता		पु.	
७.	मिन बहादुर क्षेत्री	सामुदायिक सहजकर्ता		पु.	
८	बर्षा गुरुङ्ग	कृषि जे.टि.ए.	म.		
लागुपदार्थ परामर्श, उपचार तथा पुर्नस्थापना केन्द्र					
१	ओम कृष्ण गुरुङ्ग	कार्यक्रम संयोजक		पु.	
२	इन्द्रपाणि भण्डारी	काउन्सीलर		पु.	
३	केशव राम श्रेष्ठ	काउन्सीलर		पु.	
४	मेनुका क्षेत्री	काउन्सीलर	म.		
५	सबिना पौडेल	काउन्सीलर	म.		
६	रामप्रसाद पौडेल	कार्यक्रम सहायक		पु.	
७	तिलपति पाध्या जैसी	कुक		पु.	
८	रश्मि परियार	उत्प्रेरक	म.		
९	बिनिता सुनार	उत्प्रेरक	म.		
१०	लक्ष्मण पन्त	उत्प्रेरक		पु.	
११	सिद्धार्थ सिके	उत्प्रेरक		पु.	
१२	भिम तामाङ	कुक		पु.	
१४	रुपक थापा	भोलिन्टियर		पु.	
१५	पवित्रा थापा	भोलिन्टियर	म.		
१६	अनु दवाडि	भोलिन्टियर	म.		
सामुदायिक झोलुङ्गे पुल कार्यक्रम					
१	पदमराज गुरुङ्ग	सव इन्जिनियर		पु.	
२	अशोक थापामगर	सामाजिक परिचालक		पु.	अवकास
३	शेखर प्रसाद न्यौपाने	सव इन्जिनियर		पु.	

आर्थिक प्रतिवेदन



नौलो घुम्ती नेपालका अध्यक्ष एवंम २२ औं वार्षिक साधारण सभाका अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, सस्थापक अध्यक्ष ज्यू, निवर्तमान अध्यक्ष तथा पूर्व अध्यक्ष ज्यूहरु, आमन्त्रित अतिथि ज्यूहरु, पत्रकार ज्यू, सञ्चारकर्मीहरु, समितिका पदाधिकारीहरु, सदस्य तथा सल्लाहकार ज्यूहरु एवं आजीवन सदस्य ज्यूहरु संस्थामा कार्यरत कर्मचारीहरु सबैमा हार्दिक स्वागत अभिवादन गर्न चाहान्छु ।

यस संस्था २२ औ वर्षमा प्रवेश गरेको वर्तमान अवस्थामा संस्थाले विभिन्न खालका अनुभव तथा सिकाईहरु प्राप्त गरेको र ति अनुभवलाई आत्मसाथ गर्दै अगाडी बढीरहेको छ । संस्थाको कार्य क्षेत्र लचिलो रुपमा अगाडि बढीरहेको छ । कार्यक्षेत्र र कार्यक्रमको प्रकृति अनुसार वित्तिय श्रोतको आकार समेत परिवर्तन हुदै आएको छ ।

नेपाल सरकारले अवलम्बन गरेको नयाँ निति नियम अनुसारको (NFRS - Nepal financial Report Standards) , दातृ निकायको लेखा सम्बन्धी नियमहरु तथा नौलो घुम्ती नेपालको विभिन्न नीतिहरु एवं विधानको अधिनमा रही संस्थाको वित्तिय तथा प्रशासनीक कार्यहरु सम्पादन गरीदै आएको छ । यस आ.व.मा चाटर्ड एकाउन्टेन्ट संस्था गोशली एण्ड एसोसिएट्ससँग सम्झौता गरी लेखापरीक्षण सम्पन्न गरीएको छ । संस्थाको कोषाध्यक्षको हैसीयतले यस साधारण सभामा आर्थिक वर्ष २०७९/८० आम्दानी तथा खर्चको विवरण र आ.व. २०८०/८१ को लागि प्रश्तावित (अनुमानित) आम्दानी तथा खर्चको बजेट हिसाब प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

लेखा परीक्षण गर्दा आ.व.२०७९/८० मा विभिन्न परियोजनाहरु सँचालनका लागि विभिन्न दातृ निकायबाट प्राप्त भएको अनुदान र संस्थागत आम्दानी रु.४,९३,२७,८१६।१८ (४ करोड ९३ लाख २७ हजार ८ सय १६ रुपैया १८ पैसा) र परियोजना तथा संस्थाको संस्थागत खर्च रु.४,९४,०९,५१४।०७ (४ करोड ९४ लाख ९ हजार ५ सय १४ रुपैया ७ पैसा) व्यय रहेको छ । त्यस्तै गरी यस आ.व. को अन्त्यमा संस्थाको बैंक/नगद ब्यालेन्स रु. १३,५९९,१६७। ९६ (१ करोड ३५ लाख ९९ हजार १ सय ६७ रुपैया ९६ पैसा) रहेको छ । संस्थाको संस्थागत अचलसम्पत्ति ८१,१२७,७२७।३३ (८ करोड ११ लाख २७ हजार ७ सय २७ रुपैया ३३ पैसा) रहेको छ ।

त्यसै गरी आ.व. २०८०/०८१ को लागि विभिन्न परियोजनाहरु संचालन गर्नको लागि विभिन्न दातृ निकायबाट प्राप्त हुने अनुदान, सेवार्थीबाट प्राप्त हुने अनुदान, समुदायको नगद योगदान सहित रु.५६,९३८,८३७।०० (५ करोड ६९ लाख ३८ हजार ८ सय ३७ रुपैया) र गत आ.व.को मौज्दात रु. ९०,९४५,२३६।२४ (९ करोड ९ लाख ४५ हजार २ सय ३६ रुपैया २४ पैसा) सहित जम्मा रु. १४७,८८४,०७३।२४ (१४ करोड ७८ लाख ८४ हजार ७३ रुपैया २४ पैसा) हुने अनुमान गरेको छु जसको विस्तृत विवरण निम्नानुसार पेश गरेको छु ।

आ.व. २०७९/०८० को आम्दानी र खर्च विवरण

आम्दानी विवरण	रकम	खर्च विवरण	रकम	कैफीयत
परामर्श, उपचार तथा पूनर्स्थापना कार्यक्रम		**उपचार, परामर्श तथा पूनर्स्थापना कार्यक्रम**		
शुरु मौज्दात गत वर्षको बैंक मौज्दात	५१,५६,६७६।११	कार्यक्रमगत खर्च	४०,७०,००८।८२	
सेवार्थी खर्च तथा सञ्चालनार्थ आम्दानी	७७,५३,६६४।७०	मानव संसाधन खर्च	५४,५१,७८९।६५	
सेवार्थी खर्च	७,६५,१९५।००	सेवार्थी व्यक्तिगत खर्च	७,४६,५२३।००	

मातृसेवा प्रतिष्ठान कोष बाट प्राप्त व्याज	४३,८४४।३८	यातायात खर्च	१,११,१८५।००	
बैक ब्याज	४,१७,७९९।८५	कार्यालय संचालन खर्च	५,८९,९९१।५७	
		ह्रास कट्टी	५०,९३५।१६	
जम्मा	**१४,१३७,१८०।०४**	**जम्मा**	**११,०१०,४३३।२०**	
एचआईभी रोकथाम, परिक्षण, उपचार तथा सहयोग तथा कोविड १९कार्यक्रम		**एचआईभी रोकथाम, परिक्षण, उपचार तथा सहयोग तथा कोविड १९ कार्यक्रम**		
शुरु मौज्दात गत वर्षको बैंक मौज्दात	१,१९१,२२३।००	कार्यक्रमगत खर्च	३५,५८,९७९।००	
दातृ संस्था एफ.एच.आई.३६० बाट प्राप्त	१५,३०३,०६९।८९	मानव संसाधन खर्च	९७,८१,२११।००	
		यातायात खर्च	१,७५,४२५।००	
		कार्यालय संचालन खर्च	१७,२४,६०३।८९	
जम्मा	**१६,४९४,२९२।८९**	**जम्मा**	**१५,२४०,२१८।८९**	
एकीकृत सामुदायिक विकास कार्यक्रम		**एकीकृत सामुदायिक विकास कार्यक्रम**		
शुरु मौज्दात गत वर्षको बैंक मौज्दात	१३,९७,२०२।८४	कार्यक्रमगत खर्च	११,६५८,००८।००	
दातृ निकाय GNI Nepal बाट प्राप्त	१,९६,४६,५८८।८४	मानव संसाधन खर्च	३,६८४,८०२।००	
		यातायात खर्च	१,९८४,०४२।००	
		कार्यालय संचालन खर्च	७१४,२९०।००	
जम्मा	**२१,०४३,७९१।६८**	**जम्मा**	**१८,०४१,१४२।००**	
झोलुङ्गे पुल कार्यक्रमतर्फ		**झोलुङ्गे पुल कार्यक्रम तर्फ**		
शुरु मौज्दात गत वर्षको बैंक मौज्दात	२३,२६,९४०।३७	कार्यक्रमगत खर्च	२७६,४७३।७६	
बैंक ब्याज दर	१४२,१३९।४३	मानव संसाधन खर्च	१,१५३,०२२।००	
स्थानिय निकायबाट प्राप्त आम्दानी	२३,२१,१७०।६४	यातायात खर्च	३,४१,९५०।००	
		कार्यालय संचालन खर्च	८१,०२९।००	
		ह्रास कट्टी	२०,३३९।००	
जम्मा	**४,७९०,२५०।४४**	**जम्मा**	**१८,७२,८१४।६०**	
TTNL कार्यक्रमतर्फ		**TTNL कार्यक्रमतर्फ**		
शुरु मौज्दात गत वर्षको बैंक मौज्दात	३३९,८७५।८२	कार्यक्रमगत खर्च	४४४,८३६।००	
दातृ निकायबाट प्राप्त आम्दानी	५५५,३८८।०३	मानव संसाधन खर्च	६६०,०००।००	
		यातायात खर्च		

		कार्यालय संचालन खर्च	१,०८,५५२।००	
जम्मा	**८,९५,२६३।८५**	**जम्मा**	**१२,१३,३८८।००**	
नौलो घुम्ती नेपाल संस्थागत कार्यक्रम		**नौलो घुम्ती नेपाल संस्थागत कार्यक्रम**		
शुरु मौज्दात गत वर्षको बैंक मौज्दात तथा सम्पत्ति	२,९४,७०,७७४।९०	कार्यक्रमगत खर्च:		
मूल्याङन मौज्दात	५,५५,४४,१९६।९९	सामुदायीक विकास कार्यक्रम	२,३५,६९०।९३	
बैंक ब्याज	२,०६,५००।४२	पोखरा महानगर पालिका कार्यक्रम	४,९०,०००।००	
विभिन्न दाताबाट सहयोग	४,२०,७८०।००	स्पोनसरसीप कार्यक्रम	५२,६४३।००	
(ओभरहेड) अन्य आम्दानी	२,३४,९३५।००	मानव संसाधन खर्च	१,२०,०००।००	
घर भाडाबाट आम्दानी तथा कर्मचारी शेयरीङ्ग	७३,४५०।००	यातायात खर्च	२,९८,०९५।००	
गाडी संञ्चालानार्थ आम्दानी	१,३८,२९५।००			
क्यालेण्डर आम्दानी	५१,०००।००	कार्यालय संचालन खर्च तथा संस्थागत खर्च	९,०६,३६२।६१	
अन्य आम्दानी (सदस्यता नविकरण)	३०,०००।००	ह्रास कट्टी	१५,३४,२७६।०५	
स्पोनसरसीप कार्यक्रम	२,१५,०००।००			
पोखरा महानगर पालिका कार्यक्रम	४,९०,०००।००			
एकीकृत सामुदायीक कार्यक्रम	५,१८,९९५।००			
जम्मा		**जम्मा**	**३,६३७,०६७।५९**	
		आ.व . २०८०।०८१ को लागि बैंक तथा सम्पत्ति	९,०९,४५,२३६।२४	
जम्मा	**१४,१९,६०,३००।५०**		**१४,१९,६०,३००।५०**	

आ.व. २०८० /०८१ को लागि प्रस्तावित आम्दानी र खर्च विवरण

आय विवरण	रकम	व्यय विवरण	रकम
कार्यक्रम गत आम्दानी		**कार्यक्रमगत खर्च**	
